# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

माध्यमिक तह
(कक्षा ९-१०)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

## माध्यमिक तह (कक्षा ९-१०)

| | |
|---|---|
| **कक्षा : ९ र १०** | **पाठ्यघण्टा : ४** |
| **विषय सङ्केत : (कक्षा ९.......) (कक्षा १० : १०५१)** | **वार्षिक कार्यघण्टा : १२८** |

## १. परिचय

सामाजिक अध्ययन विषय सामाजिक विज्ञानका इतिहास, भूगोल, अर्थशास्त्र, राजनीतिशास्त्र, जनसङ्ख्या शिक्षा, समाजशास्त्र, मानवशास्त्र, नीतिशास्त्रलगायतका विषयक्षेत्र समावेश गरी एकीकृत रूपमा तयार पारिएको छ । समाज विज्ञानका विषयवस्तुलाई व्यावहारिक ज्ञान र सिपका माध्यमबाट दैनिक प्रयोग गर्ने गरी समायोजित गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदर्शन गरेअनुरूप सरोकारवालाको माग तथा वर्तमान परिवेशअनुसार विषयवस्तु परिमार्जन गरी यो पाठ्यक्रम तयार गरिएको हो । यस पाठ्यक्रमले विद्यार्थीलाई असल नागरिक भई जीवनयापन गर्न सहयोग पुऱ्याउन असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा, विविधताको सम्मान जस्ता पक्षलाई व्यावहारिक रूपमा विकास गराउँदै लैजाने लक्ष्य राखेको छ । विद्यार्थी, शिक्षक, अभिभावकलगायतका सरोकारवालाबाट अनलाइन तथा स्थलगत रूपमा छलफल तथा अन्तर्क्रियाबाट प्राप्त पृष्ठपोषणसमेतलाई आधार मानी यो पाठ्यक्रम परिमार्जन गरिएको छ । यस पाठ्यक्रमले कक्षा ११-१२ मा सामाजिक अध्ययनका लागि पूर्वाधार तयार गर्ने अपेक्षा राखिएको छ ।

यस पाठ्यक्रममा मूलतः हामी र हाम्रो समाज, विकासका पूर्वाधार, हाम्रा मूल्यमान्यता, सामाजिक सुधार, नागरिक चेतना, हाम्रो पृथ्वी, आर्थिक क्रियाकलाप, हाम्रो विगत, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग तथा जनसङ्ख्या व्यवस्थापन विषयक्षेत्रभित्र तहगत सक्षमता, विद्यार्थीको रुचि, स्तर र आवश्यकताअनुसार विषयवस्तु अनुकूलन तथा समायोजन गरिएको छ । यस पाठ्यक्रममा श्रमप्रति सम्मान तथा काम गर्ने बानीको विकासका लागि घरायसी कार्यलगायतका वास्तविक जीवनसँग सम्बद्ध पक्षलाई सिकाइकै अङ्गका रूपमा समावेश गरिएको छ । यस क्रममा हामी र हाम्रो समाज विषयक्षेत्रमा समाज, सामाजिक विविधता र जीवन पद्धतिसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । विकासका पूर्वाधार विषयक्षेत्रमा दिगो विकास, मानव संशाधन विकास, ऊर्जा र परम्परागत ज्ञान, सिप र प्रविधिसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रा मूल्यमान्यता विषयक्षेत्रमा मौलिक सामाजिक परम्परा, नैतिक मूल्य, कला, राष्ट्रिय विभूति र असहाय तथा अपाङ्गतासँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । सामाजिक सुधार विषयक्षेत्रमा साइबर अपराध, मानव बेचबिखन, सामाजिक विभेद, असमानता, घरेलु हिंसा र सामाजिक सङ्घसंस्थाको भूमिकासँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । नागरिक चेतना विषयक्षेत्रमा शासकीय स्वरूप र कानुनी राज्यसँग सम्बन्धित विषयवस्तु तथा हाम्रो पृथ्वी विषयक्षेत्रमा अक्षांश र देशान्तरका आधारमा समय निर्धारण, जलवायु परिवर्तन, असर न्यूनीकरण र प्रभाव, नक्साकार्य तथा प्राकृतिक र गैरप्राकृतिक विपत्सँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । आर्थिक क्रियाकलाप विषयक्षेत्रमा कृषि, उद्योग, व्यापार, पर्यटन, बिमा, सहकारी, स्वरोजगार तथा उद्यमशीलतासँग सम्बन्धित विषयवस्तु एवम् हाम्रो विगत विषयक्षेत्रमा ऐतिहासिक स्रोत तथा २००७ सालपछिको सामाजिक र आर्थिक उपलब्धि तथा ग्रिस तथा रोमको सभ्यता र पुनर्जागरणसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग विषयक्षेत्रमा परराष्ट्र नीतिका आधार, बिमस्टेक, संयुक्त राष्ट्रसङ्घसँग सम्बन्धित विषयवस्तु र जनसङ्ख्या व्यवस्थापन विषयक्षेत्रमा जनसाङ्ख्यिकी र गुणस्तरीय जीवनसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । यस पाठ्यक्रममा समसामयिक घटना तथा गतिविधिलाई सान्दर्भिक विषयक्षेत्रमा नै समायोजन गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

यस पाठ्यक्रमलाई परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तु र यसको विस्तृतीकरण, विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलापका लागि सञ्चालन गर्न सकिने सम्भावित क्रियाकलाप, सम्भावित प्रयोगात्मक

तथा परियोजना कार्यका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधन समावेश गरी राष्ट्रिय ढाँचा तथा प्रचलित अभ्यासअनुसार व्यवस्थित गरिएको छ । यस विषयका लागि कक्षा ९ र १० मा ४ पाठ्यघण्टा (१२८ कार्यघण्टा) निर्धारण गरिएको छ । यस विषयमा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि ७५ प्रतिशत बाह्य मूल्याङ्कन र २५ प्रतिशत आन्तरिक मूल्याङ्कन निर्धारण गरिएको छ ।

## २. तहगत सक्षमता

**कक्षा ९–१० को सामाजिक अध्ययन विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. समाजको अवधारणा तथा वर्गीकरणको बोध, विविधताको सम्मान र सामाजिकीकरणको अभ्यास

२. दिगो विकास र मानव संसाधनलाई परम्परागत ज्ञान, सिप एवम् प्रविधिसँग अन्तरसम्बन्धित गरी सिर्जनशील प्रयोग

३. मौलिक सामाजिक परम्परा, नैतिक मूल्य, कला, राष्ट्रिय विभूति, असहाय तथा अपाङ्गलाई सम्मानपूर्ण व्यवहार प्रदर्शन

४. मानव तथा सूचनाप्रविधिजन्य विभेद, असमानता एवम् हिंसा पहिचान र सुधारका उपायको खोजी तथा अवलम्बन

५. शासकीय स्वरूप, कानुनी राज्यका लागि नागरिक र सरकारको भूमिका तथा कर्तव्य बोध र पालना

६. नेपाल र विश्वको हावापानीको अवस्था बोध तथा विपत् र जोखिम न्यूनीकरणमा सहभागिता एवम् नक्साकार्य

७. स्वरोजगार तथा उद्यमशीलतासँग सम्बन्धित आर्थिक स्रोत साधन र क्रियाकलापको पहिचान, सम्भावनाको खोज र प्रयोग

८. नेपालको सामाजिक आर्थिक उपलब्धि तथा मानव सभ्यता र पुनर्जागरणले मानव जीवनमा पारेको प्रभाव विश्लेषण

९. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको अवस्था पहिचान तथा प्रस्तुति

१०. नेपालको जनसङ्ख्याको बनोट र वितरणको प्रभाव एवम् गुणस्तरीय जीवनका लागि पारिवारिक योजना निर्माण र प्रयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

| विषयक्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| १. हामी र हाम्रो समाज | १. समाजको अवधारणा बताई वर्गीकरणका आधार पहिचान गर्न<br>२. जीवन पद्धतिका आधारमा वर्तमान समाजको वर्गीकरण गर्न | १. सामाजिकीकरणको अवधारणा बताई सोअनुरूपको व्यवहार प्रदर्शन गर्न<br>२. सामाजिक/सांस्कृतिक विविधतासँग परिचित भई सामाजिक सद्भाव कायम गर्न |
| २. विकासका पूर्वाधार | ३. विकासको अवधारणासँग परिचित हुन र पूर्वसर्त पहिचान गर्न<br>४. मानव संसाधन र मानव विकासको अवधारणासँग परिचित भई प्रवर्धनका उपाय उल्लेख गर्न | ३. दिगो विकासको परिचय दिई यसको औचित्य बताउन<br>४. नेपालमा ऊर्जाको महत्त्व तथा सम्भावना एवम् ऊर्जा र आर्थिक विकासबिचको अन्तरसम्बन्ध खोजी गर्न<br>५. परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व बताउन तथा तिनको सिर्जनशील प्रयोग गर्न |

| विषयक्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| ३. हाम्रा मूल्यमान्यता | ५. हाम्रा परम्परा, सामाजिक मूल्य र मान्यताको खोजी गरी तिनको अनुसरण गर्न<br>६. न्याय, शान्ति र अहिंसाको व्यवहारको अभ्यास गर्न<br>७. नेपाली परम्परागत कलाको प्रवर्धन गर्न<br>८. राष्ट्रिय विभूतिको योगदानबाट प्रेरणा लिन | ६. हाम्रा सम्पदाको पहिचान गरी संरक्षण कार्यमा सहभागी हुन<br>७. स्वव्यवस्थापनका सिप अवलम्बन गर्न<br>८. नेपाली लोक तथा शास्त्रीय कलाको प्रवर्धन गर्न<br>९. असहाय र अपाङ्गता भएका व्यक्तिको योगदानको सम्मान गर्दै उहाँबाट प्रेरणा लिन |
| ४. सामाजिक सुधार | ९. सामाजिक सुधारका बाधकतत्त्व, जस्तै : हेपाइ, दुर्व्यवहार, इन्टरनेट कुलत र साइबर अपराधका असरबाट छुटकारा पाउने उपाय अवलम्बन गर्न<br>१०. समाज सुधारमा सामाजिक सङ्घसंस्थाको योगदानको खोजी गर्न र सहभागी हुन | १०. समाज सुधारका बाधकतत्त्व पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न<br>११. समाज सुधारमा नागरिक समाजको भूमिका खोजी गरी आफ्नो भूमिका निर्वाह गर्न |
| ५. नागरिक चेतना | ११. प्रदेश व्यवस्थापिकाको परिचय र कार्य उल्लेख गर्न<br>१२. प्रदेश कार्यपालिकाको परिचय र कार्य उल्लेख गर्न<br>१३. नागरिक पहिचानका आधार उल्लेख गर्न<br>१४. कानुनी राज्य प्रवर्धनमा नागरिक, नागरिक समाज र सरकारको भूमिका खोजी गरी आफ्नो भूमिका निर्वाह गर्न | १२. शासकीय स्वरूपको परिचय दिई नेपालको संसदीय शासन प्रणालीका विशेषता प्रस्तुत गर्न<br>१३. सङ्घीय व्यवस्थापिकाको परिचय र कार्य उल्लेख गर्न<br>१४. सङ्घीय कार्यपालिकाको परिचय र कार्य उल्लेख गर्न<br>१५. न्यायपालिकाको परिचय र कार्य उल्लेख गर्न<br>१६. मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका प्रस्तुत गर्न |
| ६. हाम्रो पृथ्वी | १५. अक्षांश र देशान्तरको उपयोग बताउन तथा देशान्तर र समयबिचको अन्तरसम्बन्ध पत्ता लगाउन<br>१६. नेपालको भौगोलिक क्षेत्रअनुसार हावापानी, वनस्पति र जनजीवन उल्लेख गर्न<br>१७. नेपालको नक्सा कोर्न र उपयुक्त सङ्केत प्रयोग गरी तथ्य भर्न<br>१८. विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहभागी हुन | १७. विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्व, हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभाव उल्लेख गर्न<br>१८. जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनको अभ्यास गर्न<br>१९. नेपालको नक्सा कोर्ने सिपको अभ्यास र नक्साको प्रयोग गर्न |

| विषयक्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| ७. आर्थिक क्रियाकलाप | १९. नेपालको कृषि क्षेत्रको विकासको सम्भावना खोजी गर्न<br>२०. उद्योगका प्रकार र महत्त्व बताउन तथा उद्योग विकासका सम्भावना खोजी गर्न<br>२१. नेपालमा वैदेशिक व्यापारको महत्त्व एवम् व्यापार प्रवर्धनका उपाय खोजी गर्न<br>२२. पारिवारिक बजेट तयार गरी व्यावहारिक प्रयोग गर्न<br>२३. श्रमको सम्मान गर्न र स्वरोजगार तथा उद्यमशीलताका लागि अभिप्रेरित हुन | २०. नेपालमा पर्यटनको महत्त्व र सम्भावनाका क्षेत्र खोजी गरी पर्यटन प्रवर्धनमा सहभागी हुन<br>२१. वित्तीय साक्षरताको व्यावहारिक प्रयोग गर्न<br>२२. बिमाको परिचय दिई यसका प्रकार र महत्त्व उल्लेख गर्न<br>२३. सहकारीको परिचय दिन र नेपालको आर्थिक विकासमा सहकारीको भूमिका उल्लेख गर्न |
| ८. हाम्रो विगत | २४. ऐतिहासिक स्रोतको खोज/अध्ययन गरी संरक्षणका उपाय अवलम्बन गर्न<br>२५. नेपाल-अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गनाको योगदान समीक्षा गर्न<br>२६. राणाशासनको उदय एवम् अन्त्यका कारण र राणाशासनका सामाजिक तथा आर्थिक प्रभाव बताउन<br>२७. ग्रिस र रोम सभ्यताको परिचय दिई यसले मानव जीवनमा पारेको प्रभाव बताउन | २४. वि. स. २००७ देखि २०१७ सम्म (प्रजातान्त्रिक व्यवस्था) को सामाजिक, आर्थिक उपलब्धि र प्रभाव बताउन<br>२५. वि. स. २०१७ देखि २०४६ सम्म (पञ्चायती शासन व्यवस्था) को प्रमुख सामाजिक तथा आर्थिक उपलब्धि र प्रभाव बताउन<br>२६. वि.स. २०४६ देखि २०६३ सम्म (बहुदलीय शासन व्यवस्था) को सामाजिक र आर्थिक उपलब्धि खोजी गर्न<br>२७. वि.स. २०६३ देखि हालसम्म (लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था) को सामाजिक र आर्थिक उपलब्धि विश्लेषण गर्न<br>२८. पुनर्जागरणको परिचय दिई यसले मानव जीवनमा पारेको प्रभाव बताउन |
| ९. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | २८. नेपालले अवलम्बन गरेका परराष्ट्र नीतिका आधार उल्लेख गर्न<br>२९. बिमस्टेक (BIMSTEC) को परिचय दिई यसबाट नेपालले प्राप्त गरेका उपलब्धि समीक्षा गर्न | २९. संयुक्त राष्ट्रसङ्घको परिचय दिई यसका अङ्गका कार्य उल्लेख गर्न<br>३०. संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका उल्लेख गर्न |
| १०. जनसङ्ख्या व्यवस्थापन | ३०. जनसाङ्ख्यिकीको परिचय दिई यसका क्षेत्र पहिचान गर्न<br>३१. नेपालको जनसङ्ख्या बनोटको अवस्था र यसले पार्ने प्रभाव विश्लेषण गर्न<br>३२. जनसङ्ख्या र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध विश्लेषण गर्न | ३१. नेपालको वर्तमान जनसङ्ख्याको वितरण र यसले पारेको प्रभाव विश्लेषण गर्न<br>३२. गुणस्तरीय जीवनका लागि पारिवारिक योजना निर्माण गर्न |

## ४. विषयक्षेत्र, सिकाइ उपलब्धि र विषयवस्तुको विस्तृतीकरण

### कक्षा ९

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | १. समाजका अवधारणा बताई वर्गीकरणका आधार पहिचान गर्न | **१.१ समाज**<br>● समाजका विशेषता<br>● व्यक्ति र समाजबिचको अन्तरसम्बन्ध | ● समाजको अवधारणा सम्बन्धमा विद्यार्थीको पूर्वज्ञान पत्ता लगाउन मस्तिष्कमन्थन (Brainstorming) गराउनुहोस् वा केडब्ल्युएल चार्ट (Know Want Learn Chart) भर्न लगाई त्यसका आधारमा समाजको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● समाजका विशेषता झल्किने तस्बिर तथा भिडियो प्रदर्शन गर्दै समाजको अवधारणा प्रस्ट पार्नुहोस् । साथै समूह छलफल गरी समाजका प्रमुख विशेषता उल्लिखित चार्ट/स्लाइड बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● व्यक्ति र समाजबिचको अन्तरसम्बन्ध प्रश्नोत्तर र छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् ।<br>● सम्बन्धित विषयवस्तु तातोआलु खेल खेलाई विद्यार्थीको सिकाइ सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) समाजका विशेषता उल्लेख गर्नुहोस् ।<br>(ख) तपाईं र तपाईंको समाजबिचको अन्तरसम्बन्ध उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>(ग) व्यक्तिलाई समाजको आवश्यकता किन पर्छ, आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।<br>**२. समूह क्रियाकलापमा सहभागिता, सक्रियता, प्रस्तुति आदिको अवलोकन गरेर** | ८ |
| | | **१.२ समाज वर्गीकरणका आधार**<br>● भाषा, धर्म, बसोबास, अर्थव्यवस्था र जीवन पद्धति | ● विद्यार्थीको समूह निर्माण गरी प्रत्येक समूहलाई एक एकओटा समाज वर्गीकरणका आधार (भाषा, धर्म, बसोबास, अर्थव्यवस्था र जीवन पद्धति) तोकिदिनुहोस् र समूहगत छलफलद्वारा विभिन्न आधारमा समाजको वर्गीकरण गरी त्यसको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● अब मेरो पालो (Pens in the middle) क्रियाकलापमार्फत सिकाइ सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको समाजलाई कुन कुन आधारमा वर्गीकरण गर्न सकिन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>(ख) अर्थव्यवस्थाका आधारमा समाजलाई कसरी वर्गीकरण गर्न सकिन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २. जीवन पद्धतिका आधारमा वर्तमान समाजको वर्गीकरण गर्न | **१.३ जीवन पद्धतिका आधारमा वर्तमान समाजको वर्गीकरण**<br>- घुमन्ते समाज<br>- कृषि समाज<br>- पशुपालक समाज<br>- औद्योगिक/आधुनिक समाज | ● शब्दावलीबाट अनुमान (Prediction from Terms) मार्फत सुरुआत गर्नुहोस् ।<br>● विद्यार्थीको चारओटा समूह निर्माण गरी प्रत्येक समूहलाई एक एकओटा शीर्षक (घुमन्ते समाज, कृषि समाज, पशुपालक समाज, औद्योगिक वा आधुनिक समाज) मा छलफल गरी सम्बन्धित समाजको जीवनशैली, पेसा, रहनसहन र विशेषता चार्ट/स्लाइड बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आधुनिक समाजको अवधारणा दिन डिजिटल प्रविधिको प्रयोग झल्कने फोटो तथा भिडियो प्रदर्शन गर्दै डिजिटल प्रविधिको प्रयोग गर्ने अभ्यास गराई त्यसको सही प्रयोग गर्न अभिप्रेरित गर्नुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह निर्माण गरी जीवन पद्धतिका आधारमा वर्गीकृत प्रत्येक समाजको रहनसहन, कामकाज तथा परम्परा झल्कने नाटक तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् र नाटकमा सहभागी नभएका विद्यार्थीलाई समाजको प्रकार पहिचान गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीबिच छलफल गरी जीवन पद्धतिका आधारमा वर्गीकृत समाजबिच तुलना गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नै समाजको पहिला र अहिलेको जीवनशैली बिचको भिन्नता द्रुतलेखन विधि प्रयोग गरी लेख्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जीवन पद्धतिका आधारमा समाजको वर्गीकरण कसरी गरिएको छ, उल्लेख गर्नुहोस् ।<br>(ख) घुमन्ते र आधुनिक समाजको जीवनशैलीमा के कस्ता परिवर्तन देख्न सकिन्छ, प्रस्ट पार्नुहोस् ।<br>(ग) जीवन पद्धतिका आधारमा वर्गीकृत समाजमध्ये तपाईं कुन समाजमा बस्न चाहनुहुन्छ र किन, कारण दिनुहोस् ।<br>**२. रुजुसूचीमार्फत विद्यार्थीले डिजिटल प्रविधिको प्रयोग गरेका आधारमा**<br>**३. विद्यार्थीको अभिनयमा विषयवस्तुको गहनता, सहभागिता, सक्रियता र प्रस्तुति अवलोकन फाराम प्रयोग गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| २.विकासका पूर्वाधार | ३. विकासको अवधारणासँग परिचित हुन र पूर्वसर्त पहिचान गर्न | **२.१ विकास**<br>● अवधारणा<br>● पूर्वसर्त<br>- दूरदृष्टि<br>- स्रोतसाधन<br>- जनसहभागिता<br>- उद्यमशीलता<br>- शान्ति र सुरक्षा<br>- सुशासन | ● विकासका पूर्वाधारसँग सम्बन्धित चित्र वा भिडियो प्रदर्शन गर्दै छलफलका माध्यमबाट विकासको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विकासका पूर्वसर्त लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्दै छलफल गरी विद्यार्थीलाई आफ्नो स्थानीय तहमा भएका विकासका पूर्वसर्त पहिचान गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● उद्यमशीलताको अवधारणा प्रस्ट पार्दै उद्यमशीलताको विकासले देशको समग्र विकासमा कसरी सहयोग पुऱ्याउँछ भन्ने सम्बन्धमा विभिन्न सन्दर्भ (जस्तै : विभिन्न सफल उद्यमीको सफलताका कथा) प्रस्तुत गर्दै विषयवस्तु प्रस्ट पार्नुहोस् ।<br>● विकासका पूर्वसर्तका रूपमा शान्ति, सुरक्षा र सुशासन आदिले नेपालको समग्र विकासमा कसरी सहयोग पुऱ्याउँछन् भन्ने सम्बन्धमा उदाहरण दिई प्रस्ट पार्नुहोस् ।<br>● स्नो बल खेल खेलाई विद्यार्थीको सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) विकास भनेको के हो ? विकासका पूर्वसर्तको सूची तयार पार्नुहोस् ।<br>(ख) "जनसहभागिता विकासका मेरुदण्ड हो ।" पुष्टि गर्नुहोस् ।<br>(ग) तपाईंको समुदायमा विकासको क्रियाकलापमा स्थानीय बासिन्दाको सहभागिता कस्तो छ, तथ्यसहित मूल्याङ्कन गर्नुहोस् ।<br>(घ) उद्यमशीलताले देशको समग्र विकासमा कसरी सहयोग गर्छ, उदाहरण दिएर प्रस्ट पार्नुहोस् ।<br>(ङ) देश विकासमा शान्ति, सुरक्षा र सुशासन किन आवश्यक छ, कारण दिनुहोस् ।<br>**२. विद्यार्थीको प्रस्तुति, स्नो बल खेलमा सहभागिता आदिको अवलोकन गरेर** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ४. मानव संसाधन र मानव विकासको अवधारणासँग परिचित भई प्रवर्धनका उपाय उल्लेख गर्न | **२.२ मानव संसाधन र विकास**<br>● मानव संसाधन<br>- अवधारणा, सम्भावना र उपयोग<br>● मानव विकास सूचकाङ्क<br>- आयाम<br>● नेपालको मानव विकास सूचकाङ्कको वर्तमान अवस्था र प्रवर्धनका उपाय | ● मानव संसाधनको अवधारणा विभिन्न उदाहरण, चित्र र भिडियोद्वारा प्रस्ट पार्दै देशको समग्र विकासमा यसको भूमिका, सम्भावना र उपयोग स्पष्ट पार्न जिग्स (Jigsaw) विधि प्रयोग गर्नुहोस् ।<br>● मानव विकासको विकासक्रम र पृष्ठभूमिका आधारमा मानव विकासको अवधारणा प्रस्ट पारी मानव संसाधन र मानव विकास बिचको फरकलाई प्रश्नोत्तर र छलफलबाट स्पष्ट पार्नुहोस् ।<br>● सोच, लेख र जोडीमा आदानप्रदान गर (Think-Write-Share) विधिको प्रयोग गरी मानव विकास सूचकाङ्कको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● इन्टरनेट वा अन्य स्रोतबाट तथ्याङ्क खोजी गरी विगत पाँच वर्षको नेपालको मानव विकास सूचकाङ्कलाई तालिकामा प्रस्तुत गर्न र छलफलमार्फत नेपालको मानव विकासको अवस्था तुलना गर्न लगाउनुहोस् ।<br>● मानव विकास सूचकाङ्कका तीनओटा आयामको अवधारणा बताउँदै प्रवर्धनका उपाय लक्षित समूहमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मानव संसाधनलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।<br>(ख) नेपालको सर्वाङ्गीण विकासमा मानव संसाधनको भूमिका व्याख्या गर्नुहोस् ।<br>(ग) नेपालमा मानव संसाधन विकासका सम्भावना पहिचान गरी प्रस्तुत गर्नुहोस् ।<br>(घ) मानव संसाधनको विकास गर्न प्रदेश योजना आयोगलाई तपाईंले दिने कुनै चारओटा सुझाव लेख्नुहोस् ।<br>(ङ) मानव विकासका सूचकाङ्कका आयाम उल्लेख गरी नेपालको मानव विकास प्रवर्धन गर्ने उपाय उल्लेख गर्नुहोस् ।<br>**२. सूचना सङ्कलन, प्रस्तुति, लक्षित समूह छलफल** (Focus Group Discussion) **आदिको अवलोकन फाराम प्रयोग गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. हाम्रा मूल्य मान्यता | ५. हाम्रा परम्परा, सामाजिक मूल्य र मान्यताको खोजी गरी तिनको अनुसरण गर्न | **३.१ हाम्रा सामाजिक परम्परा**<br>● मौलिक सामाजिक परम्परा (अतिथि सत्कार, सांस्कृतिक कार्यमा सहभागिता, पुर्खाको सम्मान)<br>● धार्मिक सहिष्णुताको परम्परा र वर्तमान अभ्यास | ● विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित मौलिक सांस्कृतिक कार्यमा सहभागिता, अतिथि सत्कार वा पुर्खाको सम्मानसम्बन्धी अनुभव प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई विभिन्न धार्मिक स्थल (मन्दिर, गुम्बा, मस्जिद, चर्चलगायत) को भ्रमण गरेको अनुभव बताउन लगाउँदै वा त्यससँग सम्बन्धित विभिन्न भिडियो/तस्बिर देखाई धार्मिक सहिष्णुताको परम्परा सम्बन्धमा छलफल र बुँदा टिपोट गराई प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्नै समुदायमा प्रचलित धार्मिक सहिष्णुताका उदाहरण प्रस्तुत गर्न लगाउँदै धार्मिक सहिष्णुताको परम्परा र वर्तमान अभ्यास प्रस्ट पार्दै सहिष्णुताका लागि अभिप्रेरित गर्नुहोस् ।<br>● समूहगत रूपमा छलफल गरी धार्मिक सहिष्णुताले समाजमा पार्ने सकारात्मक प्रभावको चार्ट वा स्लाइड तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सांस्कृतिक कार्यमा सहभागिता, अतिथि सत्कार, पुर्खाको सम्मान, धार्मिक स्थलको संरक्षणमा सहभागिता, धार्मिक सहिष्णुता जस्ता सकारात्मक व्यवहारका लागि विद्यार्थीलाई अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको समुदायमा प्रचलित मौलिक सामाजिक परम्पराको सूची तयार गर्नुहोस् ।<br>(ख) समुदायमा प्रचलित अतिथि सत्कारको परम्पराले पार्ने सकारात्मक प्रभाव उदाहरणसहित उल्लेख गर्नुहोस् ।<br>(ग) सांस्कृतिक कार्यमा सहभागिताका फाइदा विश्लेषण गर्नुहोस् ।<br>(घ) धार्मिक स्थलको भ्रमणले मानिसको विचार र व्यवहारमा कस्तो परिवर्तन ल्याउन सक्छ, उदाहरणसहित लेख्नुहोस् ।<br>(ङ) धार्मिक सहिष्णुताले कसरी समाजमा शान्ति र समृद्धि ल्याउँछ, तर्क प्रस्तुत गर्नुहोस् ।<br>२. **क्रियाकलापमा सहभागिता, सक्रियता, प्रस्तुति, बुँदा टिपोट, व्यवहार अवलोकन र स्वमूल्याङ्कन फारामका आधारमा मूल्याङ्कन गरेर**<br>३. **सांस्कृतिक कार्यमा सहभागिता, अतिथि सत्कार, पुर्खाको सम्मान, धार्मिक स्थलको संरक्षणमा सहभागिता, धार्मिक सहिष्णुताजस्ता सकारात्मक व्यवहार मूल्याङ्कनका लागि विद्यार्थीका अभिभावकलाई मूल्याङ्कन फाराम भर्न लगाएर** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ६. न्याय, शान्ति र अहिंसाका व्यवहार अभ्यास गर्न | **३.२ न्याय, शान्ति र अहिंसाका व्यवहार**<br>● न्यायिक व्यवहार र यसको अभ्यास<br>● मानसिक शान्तिको अभ्यास<br>● शान्त र संयमित व्यवहार<br>● परिवार, साथी र समुदायमा उत्पन्न विवादको शान्तिपूर्ण समाधान | ● विद्यार्थीलाई आफ्ना समुदायमा देखा परेका अन्यायका ससाना घटना (जस्तै : पक्षपात, सम्पत्ति विवाद, गलत आरोप आदि) को उदाहरण कक्षामा प्रस्तुत गर्न लगाई प्रश्नोत्तर र छलफलद्वारा न्यायिक व्यवहारको अवधारणा प्रस्ट पारी न्यायिक व्यवहार पालनाका लागि अभिप्रेरित गर्नुहोस् ।<br>● कक्षाको वातावरणलाई शान्त पार्दै ध्यान वा श्वासप्रश्वास अभ्यास गराई त्यसको अनुभव बताउन लगाउनुहोस् र मानसिक शान्ति कसरी कायम गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई शान्त र संयमित रहने तरिका (जस्तै : रिस नियन्त्रण, योग, प्राणायाम, ध्यान आदि) को अभ्यास गराई सकारात्मक सोचको विकासका लागि अभिप्रेरित गर्नुहोस् ।<br>● विद्यार्थीलाई समूहगत रूपमा समुदायमा देखिएका सामान्य विवादका उदाहरण (जस्तै : साथीबिचको झगडा, पारिवारिक असमझदारी, छिमेकीसँगको विवाद आदि) दिन लगाई हरेक समूहलाई ती विवाद समाधानका उपाय पहिचान गरी चार्ट वा स्लाइडमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई परिवार, समुदाय र विद्यालयमा देखिएका विवाद समाधानमा उनीहरूले खेलेको भूमिका बताउन लगाई भविष्यमा उत्पन्न हुन सक्ने विवादको शान्तिपूर्ण समाधानका लागि प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) न्यायिक व्यवहारका उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>(ख) मानसिक शान्ति कायम गर्ने उपाय उल्लेख गर्नुहोस् ।<br>(ग) तपाईंले शान्त र संयमित व्यवहारका अभ्यास कसरी गर्नुभएको छ, उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>**२. शान्त र संयमित व्यवहार प्रदर्शन गरे नगरेको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ७. नेपाली परम्परागत कलाको प्रवर्धन गर्न | **३.३ नेपालको परम्परागत कला**<br>● नेपाली चित्रकला, मूर्तिकला र वास्तुकला<br>- परिचय<br>- प्रवर्धनका उपाय | ● विद्यार्थीलाई नेपालका विभिन्न परम्परागत कला (मिथिला चित्रकला, थाङ्का चित्रकला, प्राचीन मूर्तिकला, मन्दिर तथा दरबारको वास्तुकला) को तस्बिर वा स्लाइड देखाउँदै नेपाली चित्रकला, मूर्तिकला र वास्तुकलाको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको तीनओटा समूह निर्माण गरी प्रत्येक समूहलाई एक एकओटा पर्ने गरी चित्रकला, मूर्तिकला र वास्तुकलाको पोस्टर वा नमुना वा स्लाइड वा चार्ट तयार पार्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र समूहगत रूपमा परम्परागत कलाको महत्त्वका सम्बन्धमा मिक्स फ्रिज पेयर (Mix Freeze Pair) छलफल गरी निचोड प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो समुदायमा विद्यमान परम्परागत कलाको संरक्षण तथा प्रवर्धनका उपाय सम्बन्धमा प्रश्न गरी मष्तिष्कमन्थन (Brainstorming) गराउँदै विद्यार्थीको सोसम्बन्धी पूर्वज्ञान र अभ्यासको जानकारी लिने र परम्परागत कलाको संरक्षण तथा प्रवर्धनका उपाय उल्लिखित चार्ट वा स्लाइड प्रस्तुत गरी छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालका परम्परागत चित्रकला, मूर्तिकला र वास्तुकलाको उदाहरणसहित परिचय दिनुहोस् ।<br>(ख) मूर्तिकला र वास्तुकलाबिच फरक छुट्याउनुहोस् ।<br>(ग) परम्परागत कलाको प्रवर्धनका लागि के कस्ता उपाय अपनाउन सकिन्छ, सुझाव दिनुहोस् ।<br>(ङ) परम्परागत कलाको संरक्षण किन आवश्यक छ, कारण दिनुहोस् ।<br>**२. रुजुसूचीको प्रयोग गरी चित्रकला, मूर्तिकला र वास्तुकलाको पोस्टर वा नमुना वा स्लाइड वा चार्टको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ८. राष्ट्रिय विभूतिको योगदानबाट प्रेरणा लिन | **३.४ राष्ट्रिय विभूति**<br>● राष्ट्रिय विभूतिको योगदान<br>● प्रेरणा | ● व्यक्तित्व अनुमान गर्ने (Guess Who) विधिबाट विभूतिको पहिचान गर्न लगाउनुहोस् ।<br>● राष्ट्रिय विभूतिको योगदानसँग सम्बन्धित विषयवस्तु सहजीकरण गर्नुभन्दा केही दिनअगाडि नेपालका प्रमुख राष्ट्रिय विभूतिको सूची प्रदान गरी प्रत्येक विद्यार्थीले नदोहोरिने गरी एउटा विभूतिको परिचय र योगदान विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गरी लेखेर ल्याउन र सहजीकरणको दिनमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विभूतिको तस्बिर, परिचय र योगदान उल्लिखित चार्ट वा स्लाइड प्रस्तुत गर्न लगाई प्रश्नोत्तर र छलफलद्वारा थप प्रस्ट पार्दै विभूतिबाट प्रेरणा लिन अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) राष्ट्रिय विभूति कसलाई भनिन्छ ?<br>(ख) कुनै एक राष्ट्रिय विभूतिको योगदान उल्लेख गर्नुहोस् ।<br>(ग) कुनै राष्ट्रिय विभूतिको प्रेरणादायी भनाइ लेख्नुहोस् र त्यसको अर्थ व्याख्या गर्नुहोस् ।<br>(घ) तपाइँलाई सबैभन्दा मन पर्ने कुनै एक राष्ट्रिय विभूतिको जीवनीबाट के प्रेरणा लिनुभयो, बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>(ङ) “राष्ट्रिय विभूतिको सम्मान र स्मरण गर्नु आजको पुस्ताको जिम्मेवारी हो ।” यस भनाइलाई पुष्टि गर्नुहोस् ।<br>**२. विद्यार्थीको प्रस्तुति, प्रश्नोत्तर र छलफलको अवलोकनका आधारमा** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr><td>४. सामाजिक सुधार</td><td>९. सामाजिक सुधारका बाधकतत्त्व हेपाइ, दुर्व्यवहार, इन्टरनेट कुलत र साइबर अपराधका असरबाट छुटकारा पाउने उपाय अवलम्बन गर्न</td><td>४.१ सामाजिक सुधारका बाधकतत्त्व<br>● हेपाइ (Bullying)<br>● दुर्व्यवहार<br>● इन्टरनेट कुलत<br>● साइबर अपराध<br>- परिचय, असर र समाधानका उपाय</td><td>● हेपाइका घटना झल्कने कथा/गीत/कविता/लेख आदि प्रस्तुत गर्दै तिनका आधारमा हेपाइको परिचय, असर र रोकथामका उपाय सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● दुर्व्यवहारका घटना झल्कने चित्र वा भिडियो वा कथा प्रस्तुत गर्दै त्यसका आधारमा दुर्व्यवहारको परिचय, असर र रोकथामका उपाय सम्बन्धमा छलफल र प्रश्नोत्तरका माध्यमबाट प्रस्ट पार्नुहोस् ।<br>● इन्टरनेट कुलतसँग सम्बन्धित सामग्री प्रदर्शन गर्दै त्यसको परिचय, असर र समाधानका उपाय सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● साइबर अपराधसँग सम्बन्धित घटना वा समाचार प्रस्तुत गर्दै त्यसको परिचय, असर र समाधानका उपाय एवम् सावधानी सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको चार समूह बनाई समूहगत रूपमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन गर्न लगाएर हरेक समूहलाई हेपाइ, दुर्व्यवहार, इन्टरनेट कुलत, साइबर अपराधमध्ये कुनै एउटा विषयवस्तुसम्बन्धी विवरण तयार गर्न लगाई ग्यालरी वाक (Gallery Walk) विधिका माध्यमबाट स्पष्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई हेप्ने, दुर्व्यवहार गर्ने, इन्टरनेट कुलतमा लाग्ने र साइबर अपराध जस्ता गतिविधिमा संलग्न नहुने सम्बन्धमा आचारसंहिता (Code of Conduct) बनाई प्रतिबद्धता जनाउन लगाउनुहोस् ।<br>● हेपाइ, दुर्व्यवहार, इन्टरनेट कुलत, साइबर अपराधजस्ता सामाजिक सुधारका बाधकतत्त्व विरुद्ध नारा तथा प्लेकार्ड तयार गरी जनचेतना जगाउन र्‍याली वा स्क्रिप्ट लेखेर सडक नाटकको आयोजना गरी विषयवस्तुको सबलीकरण गर्नुहोस् ।</td><td>तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) हेपाइले दैनिक कार्यव्यवहारमा के के असर पार्छ ?<br>(ख) दुर्व्यवहारबाट पीडितलाई पर्ने असर के के हुन सक्छन् ?<br>(ग) इन्टरनेट कुलतबाट बच्ने उपायको सूची तयार पार्नुहोस् ।<br>(घ) साइबर अपराधबाट बच्न तपाईंले के कस्ता उपाय अवलम्बन गर्दै आउनुभएको छ, उल्लेख गर्नुहोस् ।<br>(ङ) हेपाइबाट बच्नका लागि जनचेतनामूलक नारा तयार गरी प्लेकार्ड बनाउनुहोस् ।<br>२. समूह क्रियाकलापमा सहभागिता, सक्रियता आदिको अवलोकन गरेर<br>३. निम्नानुसारको रुब्रिक्स प्रयोग गरी व्यवहारको अवलोकन गरेर<br><table><tr><th>क्र सं</th><th>सूचक</th><th colspan="4">सकारात्मक व्यवहार</th></tr><tr><th></th><th></th><th>४</th><th>३</th><th>२</th><th>१</th></tr><tr><td>१</td><td>हेपाइ</td><td></td><td></td><td></td><td></td></tr><tr><td>२</td><td>दुर्व्यहार</td><td></td><td></td><td></td><td></td></tr><tr><td>३</td><td>इन्टरनेट कुलत</td><td></td><td></td><td></td><td></td></tr><tr><td>४</td><td>सूचना तथा सञ्चार प्रविधिको सुरक्षित प्रयोग</td><td></td><td></td><td></td><td></td></tr></table>४. आचारसंहिता निर्माणमा सिर्जनशीलता र पालनाको अवलोकन गरेर<br>५. नारा तथा प्लेकार्ड वा स्क्रिप्ट लेखनमा सिर्जनशीलता, सहभागिता र सक्रियताको अवलोकन गरेर</td><td>१०</td></tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १०. सामाजिक सुधारमा सामाजिक सङ्घसंस्थाको योगदानको खोजी गर्न र सहभागी हुन | **४.२ सामाजिक सुधारमा सामाजिक सङ्घसंस्थाको भूमिका**<br>• स्थानीय क्लब<br>• इको क्लब<br>• सामुदायिक सङ्घसंस्था/समूह | • सामाजिक सुधारमा स्थानीय क्लब, इको क्लब र उपभोक्ता समितिले खेल्दै आएका भूमिका झल्कने चार्ट वा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>• कक्षामा स्थानीय क्लब, इको क्लब र उपभोक्ता समितिका पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गरी सामाजिक सुधारमा तिनको भूमिका सम्बन्धमा अन्तर्क्रिया गराउनुहोस् र विद्यार्थीलाई सामाजिक सुधारमा सहभागी हुन अभिप्रेरित गर्नुहोस् ।<br>• विद्यार्थीलाई सामाजिक सुधारका लागि स्थानीय क्लब, इको क्लब र उपभोक्ता समितिको बैठक बसी निर्णयको भूमिका अभिनय गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) इको क्लबले के के कार्य गर्छ ?<br>(ख) स्थानीय क्लबले समाज सुधारमा के के योगदान दिन सक्छन् ?<br>(ग) उपभोक्ता समितिले के के कार्य गर्छ ?<br>(घ) तपाईंको समुदायमा रहेको कुनै एक सामाजिक संस्थाले सामाजिक सुधारमा खेलेको भूमिकालाई समेटेर एउटा राष्ट्रिय दैनिकका लागि सम्पादकीय तयार पार्नुहोस् ।<br>**२. भूमिका अभिनयको श्रेणीमापन फाराम प्रयोग गरेर** | |
| ५. नागरिक चेतना | ११. प्रदेश व्यवस्थापिकाको परिचय र कार्य उल्लेख गर्न | **५.१ प्रदेश व्यवस्थापिका**<br>• परिचय<br>• कार्य | • विद्यार्थीलाई राजनीतिक विभाजनअनुसारका प्रदेशको नाम पालैपालो बताउन लगाउनुहोस् ।<br>• प्रदेश व्यवस्थापिकाका कार्य लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्दै प्रदेशको कानुन बनाउने अङ्गका रूपमा प्रदेश व्यवस्थापिकाको परिचय र कार्य छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) प्रदेश व्यवस्थापिकाको परिचय दिनुहोस् ।<br>(ख) तपाईंको आफ्नो प्रदेशको व्यवस्थापिकाले गरेका कार्यको समीक्षा गर्नुहोस् । | १८ |
| | १२. प्रदेश कार्यपालिकाको परिचय र कार्य उल्लेख गर्न | **५.२ प्रदेश कार्यपालिका**<br>• परिचय<br>• कार्य | • विद्यार्थीलाई आफ्नो प्रदेश कार्यपालिकाको परिचय दिन लगाउनुहोस् र अन्त्यमा कार्यपालिकाको भूमिका प्रस्ट पार्नुहोस् ।<br>• प्रदेश कार्यपालिकाका कार्य लेखिएको चार्ट कक्षाको भित्ता वा कक्षाकोठाबाहिर टाँसी विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गर्नुहोस् र समूहलाई उक्त चार्टमा लेखिएका कार्य छिटो र शुद्ध टिपोट गर्न लगाई रनिङ डिक्टेसन क्रियाकलाप गराउनुहोस् र अन्त्यमा आवश्यक पृष्ठपोषण दिनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) प्रदेश कार्यपालिकाको परिचय दिनुहोस् ।<br>(ख) प्रदेश सरकारले प्रदेशको विकासका लागि के कस्ता कार्य गर्नुपर्छ, पत्रमार्फत सुझाव प्रस्तुत गर्नुहोस् ।<br>**२. रनिङ डिक्टेसन क्रियाकलापमा विद्यार्थीको सहभागिता, सक्रियता, उत्कृष्टता आदिको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १३. नागरिक पहिचानका आधार उल्लेख गर्न | **५.३ नागरिक पहिचान**<br>• जन्मदर्ता, नागरिकता र राष्ट्रिय परिचयपत्र<br>- परिचयपत्र र प्राप्त गर्ने प्रक्रिया | • विद्यार्थीलाई नागरिक पहिचानका आधार पालैपालो बताउन लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।<br>• वडा कार्यालयमा पञ्जिकाधिकारीले कार्य गरिरहेको चित्र प्रदर्शन गर्दै जन्मदर्ता गर्ने स्थल र प्रक्रियाको सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>**अथवा**<br>• यस विषयवस्तुको सहजीकरण गर्नुभन्दा केही दिन अगाडि विद्यार्थीलाई नजिकैको वडा कार्यालयको भ्रमण गराई वडा सचिव वा वडाध्यक्षसँग जन्मदर्ता गर्ने प्रक्रिया सम्बन्धमा सोधपुछ गरी टिपोट गर्न लगाएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको नमुना प्रदर्शन गरी प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा छलफल गर्नुहोस् ।<br>**अथवा**<br>• स्थानीय पञ्जिकाधिकारी वा वडाध्यक्षलाई स्रोतव्यक्तिका रूपमा विद्यालयमा आमन्त्रण गरी नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको परिचय, आवश्यकता र प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जन्मदर्ता भनेको के हो ? तपाइँले जन्मदर्ता प्रमाणपत्रको प्रयोग कुन कुन काममा गर्नुभएको छ, लेख्नुहोस् ।<br>(ख) नागरिकता र राष्ट्रिय परिचयपत्र प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>**२. वडा कार्यालयमा वडा सचिव वा विद्यालयमा स्रोतव्यक्तिसँग विद्यार्थीले छलफल गर्दा देखाएको तत्परता, सक्रियता आदिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १४. कानुनी राज्य प्रवर्धनमा नागरिक, नागरिक समाज र सरकारको भूमिका खोजी गरी आफ्नो भूमिका निर्वाह गर्न | **५.४ कानुनी राज्य**<br>● परिचय र विशेषता<br>● कानुनी राज्य प्रवर्धनमा नागरिक, नागरिक समाज र सरकारको भूमिका | ● विद्यार्थीलाई कानुनको आवश्यकता पालैपालो बताउन लगाई कानुनी राज्यको परिचय प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको समूह निर्माण गरी समूहगत रूपमा छलफल गरी कानुनी राज्यका विशेषता चार्टपेपरमा टिपोट गरी कक्षाकोठाको भित्तामा टाँस्न लगाई ग्यालरी वाक गरी अर्को समूहको कार्यको अवलोकन गर्न र सुझाव दिन लगाउनुहोस् ।<br>● सरकारले कानुनी राज्य प्रवर्धन गर्नका लागि गरेका प्रयासको भिडियो तथा चित्र प्रदर्शन गरी विभिन्न उदाहरण प्रस्तुत गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● कानुनी राज्य प्रवर्धनमा नागरिकले खेल्नुपर्ने भूमिका छलफल गर्दै विद्यार्थीलाई समेत भूमिका निर्वाह गर्न प्रेरित गर्नुहोस् ।<br>● विद्यार्थीलाई नागरिक समाजको सम्बन्धमा धारणा प्रस्तुत गर्न लगाई त्यसैलाई समेटेर नागरिक समाजको परिचय र कानुनी राज्य प्रवर्धनमा नागरिक समाजले खेल्नुपर्ने भूमिका प्रस्ट पार्नुहोस् ।<br>● नागरिक समाजका एक जना अगुवालाई कक्षाकोठामा आमन्त्रण गरी कानुनी राज्य प्रवर्धनमा नागरिक समाज र सरकारको भूमिका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।<br>● विद्यार्थीको नागरिक, नागरिक समाज र सरकार नामका तीनओटा समूह निर्माण गरी कानुनी राज्य प्रवर्धनमा नागरिक, नागरिक समाज र सरकारले गरेका गतिविधि र खबरदारीको समाचार वा भिडियो वा चित्र समूहगत रूपमा सङ्कलन वा निर्माण र प्रस्तुत गर्न लगाई विषयवस्तुको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कानुनी राज्यको परिचय दिई विशेषता उल्लेख गर्नुहोस् ।<br>(ख) नेपालमा कानुनी राज्य प्रवर्धनमा नागरिक समाज र सरकारको भूमिकाको समीक्षा गर्नुहोस् ।<br>**२. ग्यालरी वाकमा विद्यार्थीले देखाएको सक्रियता, चासो र दिएका सुझावसमेतका आधारमा**<br>**३. नागरिक समाजका अगुवासँग गरेको अन्तर्क्रिया कार्यक्रममा विद्यार्थीले देखाएको सक्रियता, प्रश्न सोध्ने कलासमेतका आधारमा**<br>**४. विषयवस्तुको सबलीकरणमा विद्यार्थीको कार्यसम्पादनका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ६. हाम्रो पृथ्वी | १५. अक्षांश र देशान्तरको उपयोग बताउन तथा देशान्तर र समयबिचको अन्तरसम्बन्ध पत्ता लगाउन | **६.१ अक्षांश र देशान्तर**<br>- परिचय<br>- उपयोग<br>- देशान्तर र समयबिचको अन्तर सम्बन्ध<br>- ग्रिनविच मिन टाइम (Greenwich Mean Time) तथा Universal Time Coordinated-UTC, Time zone, स्थानीय समय, प्रामाणिक समय र अन्तर्राष्ट्रिय तिथिरेखा | ● ग्लोब वा एटलसमा विश्वको नक्सा प्रदर्शन गर्दै अक्षांश र देशान्तर रेखा पहिचान गराउनुहोस् ।<br>● अक्षांश र देशान्तरको निर्धारण तथा अक्षांश र देशान्तर रेखाको निर्माण हुने तरिका सम्बन्धमा प्रयोगात्मक विधिबाट तिनको उपयोग सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● देशान्तरका आधारमा समयको निर्धारण कसरी हुन्छ भन्ने सम्बन्धमा चित्र, नक्सा वा भिडियो सामग्री प्रदर्शन गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) अक्षांश र देशान्तरको परिभाषा दिनुहोस् ।<br>(ख) समयको निर्धारण कसरी हुन्छ, लेख्नुहोस् ।<br>(ग) देशान्तर र समयबिच कस्तो सम्बन्ध रहेको छ, प्रस्ट पार्नुहोस् ।<br>**२. प्रयोगात्मक क्रियाकलापको अवलोकन गरेर** | १८ |
| | १६. नेपालको भौगोलिक क्षेत्रअनुसार हावापानी, वनस्पति र जनजीवन उल्लेख गर्न | **६.२ नेपालका भौगोलिक क्षेत्र**<br>● हिमाल, पहाड र तराई<br>- भौगोलिक अवस्था<br>- हावापानी<br>- प्राकृतिक वनस्पति<br>- आर्थिक गतिविधि र जनजीवन | ● नेपालको हिमाली, पहाडी र तराई प्रदेश देखिने नक्सा प्रदर्शन गर्दै ती प्रदेशसँग परिचित गराउनुहोस् ।<br>● नेपालको तीनओटै भौगोलिक प्रदेशसँग सम्बन्धित नक्सा, चित्र, टेम्प्लेट, फोटो, भिडियो प्रदर्शन गर्दै तिनको भौगोलिक अवस्था, हावापानी, प्राकृतिक वनस्पति, आर्थिक गतिविधि र जनजीवन सम्बन्धमा विभिन्न तथ्यसहित पालैपालो छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको पाँच समूह बनाई हरेक समूहलाई तीनओटै भौगोलिक प्रदेशको हावापानी, धरातलीय स्वरूप, वनस्पति, आर्थिक गतिविधि र जनजीवनमध्ये एक एक विषयवस्तुमा पाठ्यपुस्तक, इन्टरनेट, सन्दर्भ सामग्री आदिको अध्ययन गरी चार्ट/स्लाइड तयार गरेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विषयवस्तु समेट्दै हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरी सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालको हिमाली प्रदेशमा किन चिसो हावापानी पाइन्छ, लेख्नुहोस् ।<br>(ख) नेपालको पहाडी प्रदेशमा कस्ता वनस्पति पाइन्छन्, बताउनुहोस् ।<br>(ग) नेपालको तराई प्रदेशको आर्थिक गतिविधि र जनजीवन उदाहरणसहित स्पष्ट पार्नुहोस् ।<br>(घ) नेपालको भौगोलिक अवस्थाको उपयोग गरी पर्यटन प्रवर्धन कसरी गर्न सकिन्छ, उदाहरण प्रस्तुत गरी प्रस्ट पार्नुहोस् ।<br>**२. विद्यार्थीले गरेको समूह छलफल र प्रस्तुति तथा हाजिरीजवाफ, रुजुसूची र श्रेणीमापन फाराम प्रयोग गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १७. नेपालको नक्सा कोर्न र उपयुक्त सङ्केत प्रयोग गरी तथ्य भर्न | **६.३ नक्साकार्य**<br>● नेपालको नक्सा अध्ययन<br>● नेपालको नक्सा कोर्ने र उपयुक्त सङ्केतको प्रयोग गरी तथ्य भर्ने अभ्यास | ● विद्यार्थीलाई एटलसमा भएको नेपालको राजनीतिक र भौतिक नक्सामा विभिन्न तथ्य पहिचान गरी अभ्यास गराउनुहोस् ।<br>● नेपालको नक्सामाथि पातलो कागज राखी नक्सा ट्रेसको अभ्यास गराउनुहोस् ।<br>● नक्सामा प्रयोग गरिने विभिन्न प्रकारका सङ्केत लेखिएको चार्ट प्रदर्शन गर्दै तिनको परिचय दिई विद्यार्थीलाई नेपालको रेखाङ्कित नक्सामा दिइएका तथ्य (प्रदेशगत आधारमा सङ्घीय राजधानी, मुख्य हिमाल (८००० मिटरभन्दा अग्ला), कृषि उत्पादन क्षेत्र, राष्ट्रिय निकुञ्ज, जलविद्युत् आयोजना, राजमार्ग) लाई उपयुक्त सङ्केत प्रयोग गरी भर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>नक्सा निर्माण र भर्ने कार्यको रुजुसूची र श्रेणीमापन फाराम प्रयोग गरेर | |
| | १८. विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहभागी हुन | **६.४ विपत्**<br>● प्राकृतिक र गैर प्राकृतिक विपत्को परिचय<br>● नेपालमा विपत् जोखिम न्यूनीकरण र पुनर्लाभ<br>● विपत् व्यवस्थापनमा हाम्रो दायित्व | ● विभिन्न प्रकारका विपत्सम्बन्धी समाचार प्रस्तुत गर्दै विद्यार्थीले भोगेका, देखेका वा सुनेका विपत्का घटना सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● विभिन्न चित्र, भिडियो र फोटो प्रदर्शन गर्दै प्राकृतिक र गैर प्राकृतिक विपत्लाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>● विपत् जोखिम न्यूनीकरण र पुनर्लाभका उपाय सम्बन्धमा चार्ट, स्लाइड, चित्र, भिडियो प्रदर्शन र छलफल गर्दै विपत् जोखिम न्यूनीकरणमा सहभागी हुन प्रेरित गर्नुहोस् ।<br>● भूकम्प वा कुनै स्थानीय विपत्को पूर्वतयारी योजना बनाई पूर्वाभ्यास (ड्रिल) गर्नुहोस् ।<br>● विपत् व्यवस्थापनमा हाम्रो दायित्व शीर्षकमा वक्तृत्वकला कार्यक्रम आयोजना गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) प्राकृतिक विपत् भनेको के हो, उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>(ख) गैरप्राकृतिक विपत्को सूची बनाउनुहोस् ।<br>(ग) विपत् जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस् ।<br>(घ) तपाईंले विपत् व्यवस्थापनमा सहभागी हुँदा कस्तो अनुभव गर्नुभयो, लेख्नुहोस् ।<br>**२. विपत् पूर्वाभ्यास (ड्रिल) को अवलोकन फाराम प्रयोग गरेर**<br>**३. वक्तृतामा विद्यार्थीको सहभागिता, सक्रियता र सिर्जनशीलता, विषयवस्तुको गहनता, उत्कृष्टता आदिको श्रेणीमापन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ७. आर्थिक क्रियाकलाप | १९. कृषि क्षेत्रको विकासको सम्भावना खोजी गर्न | **७.१ कृषि**<br>• परिचय<br>• आधुनिकीकरण र व्यावसायीकरणको तरिका<br>• विकासको सम्भावना र युवाको संलग्नता | • यस विषयवस्तुको सहजीकरण गर्नुभन्दा केही दिनअगाडि विद्यार्थीलाई निम्नलिखित विषयवस्तुअनुसार चारओटा समूह निर्माण गरी उनीहरूलाई कक्षाभन्दा बाहिर खाली समयमा छुट्टाछुट्टै समूहमा राखेर आआफ्ना विषयवस्तुसँग सम्बन्धित डकुमेन्ट्री, भिडियो क्लिप्स र घटना अध्ययन गरी आवश्यकतानुसार चार्ट/स्लाइड वा छोटो श्रव्यदृश्य सामग्री तयारी गर्न लगाउनुहोस् ।<br>**समूह क :** कृषिको परिचय र महत्त्व<br>**समूह ख :** कृषिमा आधुनिकीकरण र व्यावसायीकरणका तरिका<br>**समूह ग :** कृषि क्षेत्रको विकासको सम्भावना<br>**समूह घ :** नेपालको कृषि व्यवसायमा युवाको संलग्नता<br>विद्यार्थीका समूहले तयार गरी ल्याएको विषयवस्तु कक्षामा पालैपालो प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कृषिको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ख) कृषिको आधुनिकीकरण तथा व्यावसायीकरणको अवधारणा बताउनुहोस् ।<br>(ग) नेपालमा कृषिको व्यावसायीकरणको सम्भावना बुँदागत रूपमा लेख्नुहोस् ।<br>(घ) तपाईंको स्थानीय तहमा कृषिको आधुनिकीकरण र व्यावसायीकरणका लागि तीन तीनओटा उपाय समेटेर पालिका प्रमुखलाई सुझाव दिनुहोस् ।<br>(ङ) नेपालमा एकातर्फ खेतीयोग्य जमिन बाँझो रहने र अर्कोतर्फ ठुलो सङ्ख्यामा युवा वैदेशिक रोजगारीका लागि बाहिरिने बढ्दो प्रवृत्तिलाई ध्यानमा राख्दै कृषि व्यवसायमा युवाको संलग्नताको अपरिहार्यताको पुष्टि गर्नुहोस् ।<br>**२. समूहकार्यमा सहभागिता, सक्रियता, चार्ट/स्लाइड वा श्रव्यदृश्य सामग्रीको निर्माण तथा समयसीमा र प्रस्तुतिका आधारमा** | १८ |
| | २०. उद्योगका प्रकार र महत्त्व बताउन तथा उद्योग विकासका सम्भावना खोजी गर्न | **७.२ उद्योग**<br>• उद्योगका प्रकार<br>• लघु, घरेलु तथा साना, मझौला र ठुला उद्योग<br>• परिचय, महत्त्व र विकासका सम्भावना | • विभिन्न चित्र, भिडियो, लेख, विशेषाङ्क र समाचारबाट उद्योगसम्बन्धी विषयवस्तु सङ्कलन गरी तिनका आधारमा उद्योगको अवधारणा र महत्त्व स्पस्ट पार्नुहोस् ।<br>• औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसारको उद्योगको वर्गीकरण तालिका वा चार्ट/स्लाइड प्रदर्शन गर्दै उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>• लघु, घरेलु तथा साना, मझौला र ठुला उद्योगको परिचय र महत्त्व स्पस्ट पार्न ग्यालरी वाक (Gallery Walk) विधिको प्रयोग गर्नुहोस् ।<br>• नेपालमा विभिन्न किसिमका उद्योगको विकासका सम्भावनाको सम्बन्धमा प्रश्नोत्तर र छलफलको माध्यमबाट स्पष्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) उद्योगको परिचय दिई वर्गीकरण गर्नुहोस् ।<br>(ख) नेपालको सन्दर्भमा घरेलु तथा साना उद्योगको महत्त्व वर्णन गर्नुहोस् ।<br>(ग) नेपालमा मझौला तथा ठुला उद्योगको विकासको सम्भावना प्रस्तुत गर्नुहोस् ।<br>**२. ग्यालरी वाक, प्रश्नोत्तर र छलफलमा विद्यार्थीको सहभागिता, सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २१. नेपालमा वैदेशिक व्यापारको महत्त्व एवम् व्यापार प्रवर्धनका उपाय खोजी गर्न | **७.३ नेपालको वैदेशिक व्यापार**<br>● परिचय<br>● महत्त्व<br>● प्रवर्धनका उपाय | ● विभिन्न समाचार, लेख, विशेषाङ्क आदिबाट नेपालको वैदेशिक व्यापारको परिचय र महत्त्वसम्बन्धी विषयवस्तु सङ्कलन र छलफल गरी वैदेशिक व्यापारको परिचय र महत्त्व स्पस्ट पार्नुहोस् ।<br>● नेपालमा उत्पादन भई विभिन्न देशमा निर्यात गरिने वस्तुको चार्ट वा श्रव्यदृश्य सामग्री र उदाहरण प्रस्तुत गर्दै व्यापार विविधीकरणको अवधारणा (देशगत तथा वस्तुगत) प्रस्ट पार्नुहोस् ।<br>● नेपालको वैदेशिक व्यापार प्रवर्धनका उपायको सम्बन्धमा विद्यार्थीलाई मष्तिष्कमन्थन (Brainstorming) गराउँदै उनीहरूले प्रस्तुत गरेका उपाय सिकाइ पाटीमा टिपोट गर्नुहोस् र शिक्षकले तयार गरेको वैदेशिक व्यापार प्रवर्धनका उपाय उल्लिखित चार्ट वा स्लाइड प्रस्तुत गरी तुलना र छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वैदेशिक व्यापारको परिचय दिनुहोस् ।<br>(ख) नेपालको सन्दर्भमा वैदेशिक व्यापारको महत्त्व वर्णन गर्नुहोस् ।<br>(ग) व्यापार विविधीकरण भनेको के हो, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>(घ) नेपालमा वैदेशिक व्यापारको महत्त्व र प्रवर्धनका उपाय उल्लेख गर्नुहोस् ।<br>**२. छलफल, मस्तिष्कमन्थन (Brainstorming) मा विषयवस्तुको गहनता, तर्क र प्रस्तुतिका आधारमा** | |
| | २२. पारिवारिक बजेट तयार गरी व्यावहारिक प्रयोग गर्न | **७.४ पारिवारिक बजेट**<br>● आम्दानी<br>● खर्च (उपभोग र लगानी)<br>● पारिवारिक बजेट (सन्तुलित, बचत र घाटा) निर्माण अभ्यास र प्रयोग | ● पारिवारिक बजेट र यसको महत्त्वको सम्बन्धमा मस्तिष्कमन्थन (Brainstorming) गराउनुका साथै यसको अवधारणा र महत्त्व प्रस्ट पार्नुहोस् ।<br>● रनिङ डिक्टेसन विधिका माध्यमबाट पारिवारिक बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने पक्षको सूची चार्टमा लेख्न लगाउनुहोस् ।<br>● पारिवारिक बजेटको प्रकार, जस्तै : सन्तुलित, बचत र घाटा बजेटका विशेषता तथा प्रभाव उदाहरणद्वारा प्रस्ट पार्नुहोस् ।<br>● दुई दुई जना विद्यार्थीको जोडी बनाई प्रत्येक जोडीमा एक एकओटा पारिवारिक बजेटको नमुना तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पारिवारिक बजेट भनेको के हो, यसका प्रकार उल्लेख गर्नहोस् ।<br>(ख) तपाईंको परिवारको आम्दानी र खर्चका शीर्षक समावेश गरी घाटा वा बचत वा सन्तुलनको अवस्थासमेत उल्लेख गरी एक पारिवारिक बजेटको नमुना तयार पार्नुहोस् ।<br>**२. रनिङ डिक्टेसन क्रियाकलापमा विद्यार्थीको सहभागिता, सक्रियता, उत्कृष्टता आदिको अवलोकन गरेर**<br>**३. विद्यार्थीले तयार गरेको पारिवारिक बजेटको नमुनाको ढाँचा, स्पष्टता र पूर्णताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २३. श्रमको सम्मान गर्न र स्वरोजगार तथा उद्यमशीलताका लागि अभिप्रेरित हुन | **७.५ श्रमको सम्मान, स्वरोजगार र उद्यमशीलता**<br>• श्रमको सम्मान<br>• स्वरोजगार तथा उद्यमशीलता र व्यावसायिक योजना निर्माण | • तपाईंको परिवारका सदस्यले गर्ने श्रम (काम) के के हुन् ? के श्रम ठुलो र सानो हुन्छ ? हाम्रो जीवनमा श्रमको महत्त्व के छ ? जस्ता प्रश्न सोधी मस्तिष्क मन्थन (Brainstorming) गराई विद्यार्थीको विचारका आधारमा श्रमको परिचय तथा महत्त्व प्रस्ट पार्दै श्रमको सम्मान गर्न अभिप्रेरित गर्नुहोस् ।<br>• कुनै सफल उद्यमीको सफल कथा सङ्कलन गरी कक्षामा वाचन गर्नुहोस् र कथाकथन विधिका माध्यमबाट स्वरोजगार तथा उद्यमशीलताको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीको तीनओटा समूह निर्माण गरी समूहगत रूपमा विभिन्न स्रोतसामग्रीको अध्ययन गरी निम्नलिखित विषयमा चार्ट वा स्लाइड तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।<br>• समूह क : श्रमको सम्मान<br>• समूह ख : स्वरोजगार<br>• समूह ग : उद्यमशीलता<br>• कक्षामा व्यावसायिक योजनाका विभिन्न नमुना प्रस्तुत गरी विद्यार्थी आफूलाई मनपर्ने कुनै एउटा व्यवसाय सञ्चालनका लागि योजनाको नमुना निर्माणको अभ्यास गराउनुहोस् ।<br>• नेपालका विभिन्न सफल उद्यमीको उदाहरण दिई विद्यार्थीलाई स्वरोजगार तथा उद्यमशीलताका लागि अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) श्रम, स्वरोजगार र उद्यमशीलताको परिचय दिनुहोस् ।<br>(ख) तपाईं भविष्यमा कुन पेसा अपनाउनुहुन्छ र किन, कारणसहित बताउनुहोस् ।<br>(ग) तपाईंको समुदायमा कोही उद्यमशील व्यक्ति हुनुहोला, उहाँको व्यावसायिक सफलतासम्बन्धी समाचारको नमुना तयार पार्नुहोस् ।<br>(घ) तपाईंको परिवारले सञ्चालन गर्न सक्ने कुनै एउटा व्यवसायको योजना निर्माण गर्नुहोस् ।<br>(ङ) श्रमको सम्मान झल्किने कुनै एउटा गीत वा कविता तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>**२. विद्यार्थीको समूहगत प्रस्तुति र व्यावसायिक योजनाको ढाँचा, स्पष्टता र पूर्णताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ८. हाम्रो विगत | २४. ऐतिहासिक स्रोतको खोज/अध्ययन गरी संरक्षणका उपाय अवलम्बन गर्न | **८.१. ऐतिहासिक स्रोत**<br>• ऐतिहासिक स्रोतको खोज/अध्ययन र संरक्षण<br>• वंशावली निर्माण | • आफ्ना वरपर भएका ऐतिहासिक वस्तु तथा स्थल, जस्तै : शिलालेख, वंशावली, पुराना मठमन्दिर, दरबार आदिको फोटो, चित्र, पोस्टकार्ड, स्लाइड तथा भिडियो सङ्कलन वा निर्माण गरी कक्षामा प्रदर्शन गर्दै ऐतिहासिक स्रोतको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>• नजिकै भएका ऐतिहासिक स्थलको अध्ययन भ्रमण गराई ऐतिहासिक स्रोतको खोज तथा अध्ययन गर्ने तरिका र संरक्षणका उपाय सम्बन्धमा प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पारी खोज तथा अध्ययन र संरक्षण गर्न अभिप्रेरित गर्नुहोस् ।<br>• विद्यार्थीलाई आफ्नो परिवारका ज्येष्ठ सदस्य वा नातेदारसँग सोधपुछ गरी आफ्नो कम्तीमा तीन पुस्ताको वंशावलीको चार्ट निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र त्यसकै आधारमा वंशावलीको अवधारणा र महत्त्व प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) ऐतिहासिक स्रोतको सूची बनाउनुहोस् ।<br>(ख) तपाईंको स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक स्रोतको संरक्षण कसरी गर्न सकिन्छ, लेख्नुहोस् ।<br>(ग) वंशावलीको परिचय दिई यसको महत्त्व प्रस्ट पार्नुहोस् ।<br>(घ) यदि तपाईंलाई कुनै एउटा ऐतिहासिक घटनाको अध्ययन गर्न दिइयो भने कुन कुन स्रोतको प्रयोग गर्नुहुन्छ, कारण दिनुहोस् ।<br>**२. विद्यार्थीले आफ्ना कम्तीमा तीन पुस्ता समेटेर तयार गरेको वंशावली चार्टको ढाँचा, स्पष्टता र पूर्णताका आधारमा** | १६ |
| | २५. नेपाल-अङ्ग्रेज युद्धमा नेपाली वीर-वीराङ्गनाको योगदानको समीक्षा गर्न | **८.२ नेपाल-अङ्ग्रेज युद्ध**<br>• कारण र परिणाम<br>• नेपाल-अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गनाको योगदान (अमरसिंह थापा, भक्ति थापा र बलभद्र कुँवर) | • नेपाल-अङ्ग्रेज युद्धसँग सम्बन्धित विभिन्न चित्र, भिडियो, कथा तथा वीरवीराङ्गना (अमरसिंह थापा, भक्ति थापा र बलभद्र कुँवर) को फोटोसहितको चिनारी प्रस्तुत गर्दै नेपाल-अङ्ग्रेज युद्धको पृष्ठभूमि कारण र परिणाम प्रश्नोत्तर तथा छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीलाई नेपाल-अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गना (अमरसिंह थापा, भक्ति थापा र बलभद्र कुँवर) को योगदान र प्रेरणा झल्किने कथा, कविता वा गीत तयार पारेर प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिई सम्बन्धित विषयवस्तु प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल-अङ्ग्रेज युद्ध हुनुका कारण के के हुन्, सूची तयार पार्नुहोस् ।<br>(ख) नेपाल-अङ्ग्रेज युद्धको परिणामको समीक्षा गर्नुहोस् ।<br>(ग) नेपाल-अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गनाको योगदानमा आधारित भई नेपालको सार्वभौमसत्ता र स्वतन्त्रता रक्षार्थ स्वाभिमानी नेपाली नागरिकले खेल्नुपर्ने भूमिका समेटी लेख तयार पार्नुहोस् ।<br>**२. विद्यार्थीले तयार पारेका नेपाल-अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गनाको योगदान र प्रेरणा झल्किने कथा, कविता वा गीतको प्रस्तुति र उत्कृष्टताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २६. राणाशासनको उदय एवम् अन्त्यका कारण र सामाजिक तथा आर्थिक प्रभाव बताउन | **८.३ राणाशासन**<br>● उदय र अन्त्यका कारण<br>● सामाजिक तथा आर्थिक प्रभाव | ● विद्यार्थीलाई राणाकालीन विभिन्न चित्र, भिडियो, घटना आदि प्रस्तुत गर्दै राणाशासनसँग परिचित गराउनुहोस् ।<br>● राणाशासनका उदय र अन्त्यका कारण उल्लिखित चार्ट वा स्लाइड क्रमशः प्रदर्शन गर्दै राणाशासनका उदय र अन्त्यका कारण कथाकथन विधिको सहायताले प्रस्ट पार्नुहोस् ।<br>● राणाशासनका सामाजिक तथा आर्थिक प्रभाव उल्लिखित चार्ट वा स्लाइड छुट्टाछुट्टै प्रदर्शन गर्दै प्रश्नोत्तर विधिको सहायताले प्रस्ट पार्नुहोस् ।<br>● सिकाइको सबलीकरण गर्नका लागि राणाकालीन विषयवस्तुलाई समेटी प्रश्न निर्माण गरी कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) राणाशासन उदय र पतनका कारण उल्लेख गर्नुहोस् ।<br>(ख) राणा प्रधानमन्त्रीले गरेका सुधार तालिकामा देखाउनुहोस् ।<br>(ग) राणाशासनका सामाजिक तथा आर्थिक प्रभावको उल्लेख गरी एक सम्पादकीय तयार गर्नुहोस् ।<br>२. **हाजिरीजवाफमा विद्यार्थीको सहभागिता, सक्रियता, विषयवस्तुको ज्ञान र उत्कृष्टता आदिका आधारमा श्रेणीमापन प्रयोग गरेर** | |
| | २७. ग्रिस र रोम सभ्यताको परिचय दिई यसले मानव जीवनमा पारेको प्रभाव बताउन | **८.४ ग्रिस र रोमको सभ्यता**<br>● परिचय<br>● मानव जीवनमा पारेको प्रभाव | ● ग्रिस र रोमको सभ्यतासँग सम्बन्धित भिडियो वा चार्ट वा स्लाइड प्रदर्शन गर्दै ग्रिस र रोमको सभ्यताको परिचय स्पष्ट पार्नुहोस् ।<br>● विद्यार्थीको दुईओटा समूह निर्माण गरी पहिलो समूहलाई ग्रिस सभ्यता, दोस्रो समूहलाई रोम सभ्यताले मानव जीवनमा पारेको प्रभाव समूहगत रूपमा विभिन्न सन्दर्भ सामग्रीको अध्ययन र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र एउटा समूहको प्रस्तुतिमा अर्को समूह र शिक्षकले आवश्यक पृष्ठपोषण दिई सम्बन्धित विषयवस्तु प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) ग्रिस र रोम सभ्यताको परिचय दिनुहोस् ।<br>(ख) ग्रिस र रोम सभ्यताले मानव जीवनमा पारेको प्रभाव विश्लेषण गर्नुहोस् ।<br>२. **समूहकार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, प्रस्तुति र पृष्ठपोषणका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ९. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | २८. नेपालले अवलम्बन गरेका परराष्ट्र नीतिका आधार उल्लेख गर्न | **९.१ नेपालले अवलम्बन गरेका परराष्ट्र नीतिका आधार**<br>● असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्त<br>- परिचय र महत्त्व | ● परराष्ट्र नीतिका सम्बन्धमा विद्यार्थीको विचार पालैपालो बताउन लगाई त्यसैका आधारमा परराष्ट्र नीतिको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको समूह निर्माण गरी एक बस्ने, अरू छरिने (One Stays Others Stray) क्रियाकलापका माध्यमबाट नेपालको परराष्ट्र नीति, पञ्चशीलका सिद्धान्तको परिचय र महत्त्व सम्बन्धमा स्पष्ट पार्नुहोस् ।<br>● तातो कुर्सी (Hot Chair) खेल खेलाई अगिल्ला क्रियाकलापमा भएको सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालको असंलग्न परराष्ट्र नीतिको परिचय दिई यसको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ख) नेपालले पञ्चशीलको सिद्धान्तलाई किन परराष्ट्र नीतिको आधार मानेको होला, आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।<br>**२. एक बस्ने, अरू छरिने (One Stays Others Stray) र तातो कुर्सी (Hot Chair) खेलमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | ८ |
| | २९. बिमस्टेक (BIMSTEC) को परिचय दिई यसबाट नेपालले प्राप्त गरेका उपलब्धि उल्लेख गर्न | **९.३ बिमस्टेक**<br>● परिचय<br>● नेपालले प्राप्त गरेका उपलब्धि | ● बिमस्टेकको लोगो र सदस्य राष्ट्रको झन्डा प्रदर्शन गरी बिमस्टेक सदस्य राष्ट्रको पहिचान गराउनुहोस् ।<br>● बिमस्टेकबाट नेपालले प्राप्त गरेका उपलब्धि लेखिएको चार्ट/स्लाइड प्रदर्शन गर्दै प्रत्येक उपलब्धि सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बिमस्टेकको परिचय दिई यसका सदस्य राष्ट्रको नाम लेख्नुहोस् ।<br>(ख) नेपालले बिमस्टेक सदस्य राष्ट्रका रूपमा प्राप्त गरेका उपलब्धिको समीक्षा गर्नुहोस् ।<br>**२. विद्यार्थीले तयार पारेका बिमस्टेकको परिचय उल्लिखित चार्ट/स्लाइड र प्रस्तुतिका आधारमा** | |
| १०. जनसङ्ख्या व्यवस्थापन | ३०. जनसाङ्ख्यिकीको परिचय दिई यसका क्षेत्र पहिचान गर्न | **१०.१ जनसाङ्ख्यिकी**<br>● परिचय<br>● क्षेत्र (जन्मदर, मृत्युदर, बसाइँसराइ दर) | ● जनसाङ्ख्यिकी भनेको के हो ? जनसङ्ख्या र जनसाङ्ख्यिकीबिच के फरक छ ? जनसाङ्ख्यिकीका तत्त्व के के हुन् ? जस्ता प्रश्न सोध्दै उनीहरूको सही जवाफलाई प्रोत्साहित गर्दै घुलमिल-स्थिर-जोडी (Mix-Freeze-Pair) विधिका माध्यमबाट जनसाङ्ख्यिकीको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● जनसाङ्ख्यिकीका प्रयोगका क्षेत्र उल्लिखित चार्ट वा स्लाइड प्रदर्शन गरी यसका सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसाङ्ख्यिकीको परिचय दिनुहोस् ।<br>(ख) जनसाङ्ख्यिकीका प्रयोगका क्षेत्र के के हुन्, कुनै एकको वर्णन गर्नुहोस् ।<br>(ग) वि.स. २०७८ को राष्ट्रिय जनगणनाअनुसार कोरा जन्मदर उल्लेख गर्नुहोस् ।<br>**२. घुलमिल-स्थिर-जोडी (Mix-Freeze-Pair) विधिमा सहभागिता र सक्रियताका आधारमा** | ८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ३१. नेपालको जनसङ्ख्या बनोटको अवस्था र यसले पार्ने प्रभाव विश्लेषण गर्न | **१०.२ नेपालमा जनसङ्ख्याको संरचना**<br>● बृहत् उमेर समूह, शिक्षा र पेसा<br>● सामाजिक र आर्थिक प्रभाव | ● विद्यार्थीलाई आफ्नो टोल छिमेक वा समुदायमा कुन उमेर समूहका मानिस बढी छन् भन्ने प्रश्न गर्दै छलफल गर्नुहोस् ।<br>● नेपालको जनसङ्ख्या पिरामिड उल्लिखित चार्ट वा स्लाइड प्रदर्शन गर्दै बृहत् उमेर समूहअनुसार कुन उमेरसमूहको जनसङ्ख्या बढी र कुन कुन उमेरसमूहको जनसङ्ख्या कम छ, पत्ता लगाउन लगाउनुहोस् । साथै बढी वा कम हुनुका कारण छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● बृहत् उमेर समूह, शिक्षा र पेसाका आधारमा नेपालको जनसङ्ख्या बनोटको तालिका, चार्ट वा स्लाइड प्रस्तुत गर्दै त्यसका आधारमा शिक्षा र पेसाका आधारमा नेपालको जनसङ्ख्याको बनोट छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● नेपालको जनसङ्ख्या बनोटको तालिका, चार्ट वा स्लाइड प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफल विधिका माध्यमबाट बृहत् उमेर समूह, शिक्षा र पेसाका आधारमा नेपालको जनसङ्ख्या बनोटको सामाजिक र आर्थिक प्रभाव विश्लेषण गर्नुहोस् ।<br>● नेपालको जनसङ्ख्या बनोटको तथ्याङ्क उल्लिखित तालिका दिई त्यसलाई स्तम्भचित्रमा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बृहत् उमेर समूहअनुसारको नेपालको जनसङ्ख्या बनोटको विश्लेषण गर्नुहोस् ।<br>(ख) जनसङ्ख्या बनोटले देशको सामाजिक तथा आर्थिक क्षेत्रमा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।<br>२. **विद्यार्थीले तयार पारेका स्तम्भचित्रको ढाँचा, शीर्षक, तथ्याङ्क, सङ्केत आदिको उपयुक्तताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ३२. जनसङ्ख्या र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध विश्लेषण गर्न | **१०.३ जनसङ्ख्या र गुणस्तरीय जीवन**<br>● परिचय<br>● अन्तरसम्बन्ध | ● गुणस्तरीय जीवन भनेको के हो ? जनसङ्ख्या र गुणस्तरीय जीवनबिच कस्तो सम्बन्ध हुन्छ ? जस्ता प्रश्न सोधी जनसङ्ख्या र गुणस्तरीय जीवनसम्बन्धी विद्यार्थीको पूर्वज्ञानको जानकारी लिनुहोस् ।<br>● जनसङ्ख्या र गुणस्तरीय जीवनसम्बन्धी विद्यार्थीको पूर्वज्ञानका आधारमा प्रश्नोत्तर र छलफलका माध्यमबाट जनसङ्ख्या र गुणस्तरीय जीवनको अवधारणा थप प्रस्ट पार्नुहोस् ।<br>● गुणस्तरीय जीवनको आधार उल्लिखित चार्ट/ स्लाइड प्रस्तुत गर्दै छलफल गरी सो विषयवस्तु प्रस्ट पार्नुहोस् ।<br>● जनसङ्ख्या र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध पुष्टि हुने बुँदा लेखिएका मेटाकार्ड तयार गरी प्रत्येक विद्यार्थीलाई एउटा एउटा मेटाकार्ड लिन लगाउनुहोस् र त्यसलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । अन्त्यमा तिनै बुँदाको छलफल गरी विषयवस्तुलाई प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) गुणस्तरीय जीवन भनेको के हो ?<br>(ख) जनसाङ्ख्यिक अवस्था र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध स्पष्ट पार्नुहोस् ।<br>२. **पढाइ, सुनाइ र छलफलमा सहभागिता र सक्रियताका आधारमा** | |

## कक्षा १०

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | १. सामाजिकीकरणको अवधारणाको परिचय दिई सोअनुरूपको व्यवहार प्रदर्शन गर्न | **१.१ सामाजिकीकरण**<br>● परिचय<br>● सामाजिकीकरणका सहयोगी निकाय<br>● सामाजिकीकरणका सिपको अभ्यास<br>● सञ्चार, सहकार्य र अन्तरवैयक्तिक सिप | ● भिडियो, चित्र, फोटो, स्लाइड/चार्ट प्रदर्शन गर्दै प्रश्नोत्तर, छलफल र उदाहरणद्वारा सामाजिकीकरणको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● सामाजिकीकरणका लागि सहयोगी पक्ष (परिवार, साथीभाइ, विद्यालय र सञ्चारमाध्यम आदि) को भूमिका अभिनय गर्न लगाई प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको जोडी बनाएर दैनिकी, मनपर्ने खेल वा परिवारका बारेमा कुराकानी गर्न लगाउनुहोस् र बाँकी जोडीलाई अरूको कुरा ध्यानपूर्वक सुनेर सारांश भन्न लगाउनुहोस् । आँखा बाँधेर साथीको सहायतामा हिँड्ने भरोसा निर्माण खेल खेलाई सामाजिकीकरणका लागि सञ्चार, सहकार्य र अन्तरवैयक्तिक सिपको अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामाजिकीकरण भनेको के हो ?<br>(ख) सामाजिकीकरणका दुईओटा सहयोगी निकाय लेख्नुहोस् ।<br>(ग) विद्यालयले तपाईँलाई कसरी सामाजिकीकरणमा सहयोग गरेको छ, प्रस्ट पार्नुहोस् ।<br>(घ) सामाजिकीकरणको पहिलो अभ्यास गर्ने थलो परिवार हो भन्ने कथनलाई स्पष्ट पार्नुहोस् ।<br>(ङ) सञ्चार, सहकार्य र अन्तरवैयक्तिक सिपले सामाजिकीकरणमा कसरी सहयोग पुऱ्याउँछन्, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>**२. छलफल, भूमिका अभिनय र भरोसा निर्माण खेलमा विद्यार्थीको सहभागिता, सक्रियता, प्रस्तुति आदिको अवलोकन गरेर** | ८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २. सामाजिक/ सांस्कृतिक विविधतासँग परिचित भई सामाजिक सद्भाव कायम गर्न | **१.२ हाम्रा सामाजिक विविधता**<br>● जातीय, भाषिक, धार्मिक, लैङ्गिक, सांस्कृतिक विविधताबिच सामाजिक सद्भाव | ● भिडियो, स्लाइड, चित्र, फोटो प्रदर्शन गरी छलफल गर्दै सामाजिक विविधताको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई पालैपालो आफ्नो जातीय वा धार्मिक परम्परा, पोसाक, लोककला, भाषा वा परिकारका बारेमा छोटो प्रस्तुति दिन लगाई त्यसैका आधारमा सामाजिक विविधतालाई प्रस्ट पार्नुहोस् ।<br>● सामाजिक सद्भाव कायम राख्नका लागि जातीय, भाषिक, धार्मिक, लैङ्गिक तथा सांस्कृतिक विविधताबिच सहयोग र सद्भाव झल्किने अभिनय गराउनुहोस् ।<br>● सामाजिक सद्भाव कायम राख्न म के गर्छु भन्ने शीर्षकमा विद्यार्थीलाई विभिन्न सन्देश लेख्न र राम्रा सन्देशलाई पोस्टर/डिजिटल पोस्टर बनाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् र सामाजिक सद्भाव कायम गर्न अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामाजिक विविधता भनेको के हो, यसका कुनै दुइटा उदाहरण दिनुहोस् ।<br>(ख) सामाजिक विविधतालाई स्वीकार नगर्दा समाजमा के कस्ता असर आइपर्छन्, लेख्नुहोस् ।<br>(ग) समाजमा सामाजिक सद्भाव कायम राख्न तपाईंले के कस्ता उपाय अवलम्बन गर्नुभएको छ, बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>**२. अभिनयमा विद्यार्थीको सहभागिता, सक्रियता, प्रस्तुति आदिको अवलोकन गरेर**<br>**३. सामाजिक सद्भाव कायम गर्नका लागि बनाएको सन्देशमूलक पोस्टर अवलोकन गरेर**<br>**४. निम्नानुसारको रुब्रिक्स प्रयोग गरी विद्यार्थीको व्यवहार अवलोकनका आधारमा मूल्याङ्कन गरेर** | |

| क्र. सं. | सूचक | सकारात्मक व्यवहार | | | |
|---|---|---|---|---|---|
| | | ४ | ३ | २ | १ |
| १ | विविधताको सम्मान | | | | |
| २ | सामाजिक सद्भाव | | | | |
| ३ | विविधताबिच सहयोग | | | | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| २. विकासका पूर्वाधार | ३. दिगो विकासको परिचय दिई यसको औचित्य बताउन | **२.१ दिगो विकास**<br>● अवधारणा<br>● आयाम<br>● औचित्य<br>● दिगो विकासका लक्ष्य (स्वस्थ र समुन्नत जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ खानेपानी र सरसफाइ) | ● दिगो विकाससँग सम्बन्धित विभिन्न चार्ट/स्लाइड, चित्र र भिडियो प्रदर्शन गरी छलफल गर्दै दिगो विकासको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● दिगो विकासका आयाम र औचित्य सम्बन्धमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● चारओटा समूह निर्माण गरी हरेक समूहलाई एक एकओटा पर्ने गरी दिगो विकासका लक्ष्य (स्वस्थ र समुन्नत समाज, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ खानेपानी र सरसफाइ) समूहगत रूपमा विभिन्न सन्दर्भ सामग्रीको अध्ययन र छलफल गरी विवरण प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपालमा लैङ्गिक समानताका लागि विद्यमान कानुनी व्यवस्थाका सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) दिगो विकासको परिचय दिनुहोस् ।<br>(ख) दिगो विकासका आयाम लेखी वर्णन गर्नुहोस् ।<br>(ग) तपाईंको समुदायमा भएका विकासका काम र तिनको दिगोपना तथ्यसहित विश्लेषण गर्नुहोस् ।<br>**२. समूहगत कार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, विषयगत गहनता, प्रस्तुति आदिको अवलोकन गरेर** | १० |
| | ४. नेपालमा ऊर्जाको महत्त्व तथा सम्भावना एवम् ऊर्जा र आर्थिक विकासबिचको अन्तरसम्बन्ध खोजी गर्न | **२.२ विकासको पूर्वाधार : ऊर्जा**<br>● परिचय र महत्त्व<br>● नेपालमा ऊर्जाको विकासका सम्भावना<br>● ऊर्जा र आर्थिक विकासबिचको अन्तरसम्बन्ध | ● ऊर्जाको परिचय र महत्त्वका सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपालमा ऊर्जाको महत्त्व, सम्भावना र वर्तमान अवस्थाका बारेमा द्रुतलेखन गराउनुहोस् ।<br>● ऊर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध झल्किने गरी एक स्थानीय पत्रिकाका लागि नमुना सम्पादकीय तयार गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) ऊर्जा भनेको के हो ?<br>(ख) 'ऊर्जा देश विकासको आधार हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।<br>(ग) नेपालमा ऊर्जा विकासका सम्भावना लेख्नुहोस् ।<br>**२. द्रुतलेखन र सम्पादकीयको नमुना लेखनमा विद्यार्थीको सहभागिता, सक्रियता, विषयगत गहनता, प्रस्तुति आदिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ५. परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व बताउन तथा तिनको सिर्जनशील प्रयोग गर्न | **२.३ परम्परागत ज्ञान, सिप र प्रविधि**<br>• परिचय, महत्त्व र सिर्जनशील प्रयोग (ढिकी, जाँतो, पानीघट्ट, हलो, आरन, कोल, चर्खा आदि) | • विद्यार्थीलाई आफ्नो स्थानीय तहमा विद्यमान परम्परागत ज्ञान, सिप र प्रविधिको प्रयोगसँग सम्बन्धित उदाहरण बताउन लगाउनुहोस् र उनीहरूको सही जवाफलाई समेटेर परम्परागत ज्ञान, सिप र प्रविधिको परिचय र महत्त्व प्रस्ट पार्नुहोस् ।<br>• परम्परागत ज्ञान, सिप र प्रविधिका विज्ञलाई स्रोतव्यक्तिका रूपमा कक्षामा आमन्त्रण गरी विषयवस्तुमा आधारित भई अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।<br>• स्थानीय स्तरमा उपलब्ध परम्परागत ज्ञान, सिप र प्रविधिको फोटो तथा भिडियो सङ्कलन गरी तिनको प्रयोगका उदाहरण खोजेर प्रस्तुत गर्न लगाउनुहोस् र तिनको सिर्जनशील प्रयोग गर्न अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) परम्परागत ज्ञान, सिप र प्रविधिका चारओटा उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>(ख) "स्थानीय ज्ञान, सिप र प्रविधि हाम्रा अमूल्य निधि हुन् ।" यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>(ग) स्थानीय ज्ञान, सिप र प्रविधिको संरक्षण गर्ने उपाय समेट्दै तपाईंले स्थानीय सरकार प्रमुखलाई दिने सुझाव प्रस्तुत गर्नुहोस् ।<br>**२. परम्परागत ज्ञान, सिप र प्रविधिका विज्ञसँगको अन्तर्क्रिया कार्यक्रममा विद्यार्थीको सहभागिता, सक्रियता, जिज्ञासा/प्रश्न आदिका आधारमा**<br>**३. स्थानीय स्तरमा उपलब्ध परम्परागत ज्ञान, सिप र प्रविधिको प्रयोगका फोटो, भिडियो, उदाहरणको सङ्कलन/खोजी र तिनको सिर्जनशील प्रयोगका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. हाम्रा मूल्यमान्यता | ६. हाम्रा सम्पदाको पहिचान गरी संरक्षण कार्यमा सहभागी हुन | **३.१ हाम्रा सम्पदा**<br>● सम्पदाको परिचय<br>● प्रकार (मूर्त र अमूर्त)<br>● सम्पदाको संरक्षण र प्रवर्धन गर्ने उपाय | ● विद्यालय वरपरका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा भ्रमण (Heritage Walk) गराई वा भिडियो, स्लाइड, चित्र वा फोटो प्रदर्शन गरी तिनको परिचय र प्रकार छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको मूर्तसम्पदा र अमूर्त सम्पदा समूह निर्माण गरी आआफ्ना समूहमा परेको विषयवस्तुमा छलफल (Thematic Discussion) गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सम्पदा संरक्षण र प्रवर्धनका उपाय सम्बन्धमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई "सम्पदाको संरक्षण गर्न म......... गर्छु" भन्ने प्रतिज्ञा वाक्य लेख्न लगाई सबैको प्रतिज्ञालाई एकीकृत गरी एउटा ठुलो पोस्टरमा टाँस्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सम्पदाको परिचय दिई यसका प्रकार उल्लेख गर्नुहोस् ।<br>(ख) हामीले सम्पदाको संरक्षण किन गर्नुपर्छ, कारण बताउनुहोस् ।<br>(ग) सम्पदाको संरक्षण गर्न अपनाउनुपर्ने कुनै चार उपाय लेख्नुहोस् ।<br>२. **सम्पदा भ्रमण, विषयवस्तुमा विद्यार्थीको छलफल, समूहगत छलफल, सहभागिता, सक्रियता र प्रस्तुतिका आधारमा**<br>३. **विद्यार्थीले तयार पारेको पोस्टर वा चार्टको स्पष्टता, सिर्जनात्मकता, सन्देश सम्प्रेषण र प्रतिज्ञाको पालना आदिका आधारमा** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ७. स्वव्यवस्थापनका सिप अवलम्बन गर्न | **३.२ स्वव्यवस्थापन**<br>- लक्ष्य निर्धारण<br>- प्राथमिकता निर्धारण<br>- समय व्यवस्थापन<br>- स्वास्थ्य सचेतता<br>- सकारात्मक सोच<br>- लगनशीलता<br>- काममा निरन्तरता<br>- आहारविहार | ● विद्यार्थीलाई आफ्नो व्यक्तिगत लक्ष्य स्पष्ट गर्न उनीहरूलाई भविष्यको लक्ष्यसहितको कार्ययोजना बनाउन लगाउनुहोस् ।<br>● विद्यार्थीलाई विभिन्न कार्यको सूची (जस्तै : गृहकार्य, सामाजिक सञ्जालको प्रयोग, साथीसँग भेट, खाना पकाउने कार्य आदि) दिएर प्राथमिकता निर्धारण खेल खेलाई कुन कार्य जरुरी र महत्त्वपूर्ण हो भनेर प्राथमिकीकरण गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई एक हप्ताको दैनिक कार्यतालिका बनाउन लगाई (तालिकामा अध्ययन, खेल, विश्राम, मोबाइल प्रयोग आदि) समय व्यवस्थापनका लागि अभिप्रेरित गर्नुहोस् ।<br>● विद्यार्थीलाई एक हप्ताको खाना खाने, पानी पिउने, सुत्ने र शारीरिक गतिविधि गर्ने कार्य समेटेर आहारविहार, आराम र मनोरञ्जन मूल्याङ्कन तालिका बनाउन र भर्न लगाई अन्त्यमा भरेको तालिका र गर्नुपर्ने व्यवहार समीक्षा गरी सुधार गर्न प्रेरित गर्नुहोस् ।<br>● विद्यार्थी आफूले लक्ष्य निर्धारण, प्राथमिकता निर्धारण, समय व्यवस्थापन, स्वास्थ्य सचेतता, सकारात्मक सोच र लगनशीलता, काममा निरन्तरता, आहार विहारको अभ्यास गरे नगरेको लेख्न लगाई त्यसका आधारमा स्वमूल्याङ्कन गरी सुधारको योजना बनाउन लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) हामीले आफ्नो लक्ष्य किन निर्धारण गर्नुपर्छ, कारण दिनुहोस् ।<br>(ख) तपाईंले समय व्यवस्थापन कसरी गर्नुभएको छ, बताउनुहोस् ।<br>(ग) आहारविहारमा ध्यान दिनुपर्ने कुरा लेख्नुहोस् ।<br>(घ) तपाईंका आगामी छ महिनाका तीन लक्ष्य र त्यसका लागि तपाईंले गर्नुपर्ने कार्यको योजना तर्जुमा गर्नुहोस् ।<br>(ङ) "सकारात्मक सोचले मेरो जीवनमा ल्याएको परिवर्तन" भन्ने शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।<br>**२. विद्यार्थीलाई स्वमूल्याङ्कन फाराम भर्न लगाएर**<br>**३. विद्यार्थीले तयार पारेको सुधारको योजनाका आधारमा**<br>**४. विद्यार्थीको सकारात्मक व्यवहार मूल्याङ्कनका लागि विद्यार्थीका अभिभावकलाई मूल्याङ्कन फाराम भर्न लगाएर त्यसका आधारमा मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ८. नेपाली लोक तथा शास्त्रीय कलाको प्रवर्धन गर्न | **३.३ हाम्रो लोक तथा शास्त्रीय कला**<br>● लोकगीत, लोकनृत्य र लोकबाजा<br>- परिचय तथा महत्त्व<br>- प्रवर्धनका उपाय | ● नेपालका मुख्य लोकगीत, लोकनृत्य र लोकबाजाको भिडियो (सम्भव नभए लोक गीतको अडियो र लोक नृत्य तथा लोक बाजाको फोटो) प्रदर्शन गर्दै विद्यार्थीलाई समूहमा अभ्याससमेत गराउँदै तिनको परिचय प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्ना समुदायमा भएका लोकगीत गाउन, लोकनृत्य प्रदर्शन गर्न र लोकबाजाको धुन अनुकरण गर्न लगाउनुहोस् ।<br>● लोक गीत, नृत्य र बाजा अन्य गीत, नृत्य र बाजाभन्दा कसरी भिन्न छन् भन्ने सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विभिन्न सन्दर्भ सामग्री अध्ययन गर्न लगाई नेपालका लोक तथा शास्त्रीय कलाको महत्त्व र प्रवर्धनका उपाय सम्बन्धमा समूहमा छलफल गरी विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● मादल, ढोल, सारङ्गी, सहनाई र अन्य लोकबाजाका नाम, चित्र, प्रयोग हुने प्रसङ्ग वा क्षेत्रसँग सम्बन्धित कार्ड बनाएर जोडी मिलाउने खेल खेलाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लोकगीत भनेको के हो ?<br>(ख) लोकनृत्यका विशेषता उल्लेख गर्नुहोस् ।<br>(ग) कुनै चारओटा लोकबाजाको परिचय दिनुहोस् ।<br>(घ) लोक तथा शास्त्रीय कलाको महत्त्व लेख्नुहोस् ।<br>(ङ) लोक तथा शास्त्रीय कलाको संरक्षण गर्नका लागि तपाईँले के कस्ता उपाय अपनाउनुहुन्छ, उल्लेख गर्नुहोस् ।<br>**२. समूह छलफल र खेलमा विद्यार्थीको सहभागिता, सक्रियता र प्रस्तुतिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ९. असहाय र अपाङ्गता भएका व्यक्तिको योगदानको सम्मान गर्दै उहाँबाट प्रेरणा लिन | **३.४ असहाय र अपाङ्गता भएका व्यक्ति**<br>• सहभागिता र सम्मान<br>• सामाजिक सुरक्षाको व्यवस्था<br>• दायित्व | • भिडियो, स्लाइड, चित्र वा फोटो प्रदर्शन गर्दै असहाय र अपाङ्गता भएका व्यक्तिको परिचय र योगदान सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>• नेपालमा असहाय एवम् अपाङ्गता भएका व्यक्तिको सम्मान र उनीप्रतिको सामाजिक दायित्वका सम्बन्धमा समूहगत छलफल गर्दै बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• असहाय एवम् अपाङ्गता भएका व्यक्तिप्रति व्यक्ति र समुदायको भूमिकासम्बन्धी अभिनय गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीको नेतृत्वमा "एक दिन असहाय एवम् अपाङ्गता भएका व्यक्तिसँग" सामाजिक अभियान योजना बनाई सहभागी हुन लगाउनुहोस् ।<br>• नेपालमा असहाय एवम् अपाङ्गता भएका व्यक्तिका लागि सामाजिक सुरक्षासम्बन्धी विद्यमान कानुनी व्यवस्था सम्बन्धमा विद्यार्थीलाई समूहगत रूपमा खोजी गरी चार्ट/स्लाइडमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् र सकारात्मक व्यवहारका लागि अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कस्ता व्यक्तिलाई असहाय र अपाङ्गता भएका व्यक्ति भनिन्छ, लेख्नुहोस् ।<br>(ख) नेपालमा असहाय र अपाङ्गता भएका व्यक्तिको योगदानबाट तपाईंले के प्रेरणा पाउनुभयो, लेख्नुहोस् ।<br>(ग) असहाय र अपाङ्गता भएका व्यक्तिलाई किन सम्मान गर्नुपर्छ, कारण प्रस्तुत गर्नुहोस् ।<br>(घ) असहाय एवम् अपाङ्गता भएका व्यक्तिप्रति तपाईंले आफ्नो दायित्व कसरी निर्वाह गर्नुभएको छ, बुँदागत रूपमा लेख्नुहोस् ।<br>(ङ) असहाय र अपाङ्गता भएका व्यक्तिलाई प्राप्त हुने सुविधाको सूची बनाउनुहोस् ।<br>**२. प्रश्नोत्तर र छलफल, बुँदा टिपोट, भूमिका अभिनय, योजना निर्माणमा विद्यार्थीको सहभागिता र सक्रियता, प्रस्तुति तथा उपयुक्तताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ४. सामाजिक सुधार | १०. सामाजिक सुधारका बाधकतत्त्व पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न | **४.१ सामाजिक सुधारका बाधकतत्त्व**<br>• मानव बेचबिखन<br>- स्वरूप, असर र रोकथामका उपाय<br>• सामाजिक विभेद, असमानता र घरेलु हिंसा<br>- असर र रोकथामका उपाय | • मानव तथा मानव अङ्ग बेचबिखनसँग सम्बन्धित समाचार प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।<br>• नेपालमा मानव बेचबिखनका स्वरूप (चेलीबेटी बेचबिखन, मानव ओसारपसार, बालबालिकाको बेचबिखन आदि) सँग सम्बन्धित चित्र, घटना, डकुमेन्ट्री आदि प्रदर्शन गर्दै त्यसको असर र रोकथामका उपाय सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>• समाजमा हुने गरेका विभेद र असमानताका घटना प्रस्तुत गर्दै यसका असर र रोकथामका उपाय सम्बन्धमा सोच- लेख- जोडीमा आदानप्रदान (Think-Write-Share) विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् ।<br>• घरेलु हिंसाका असर र समाधानका उपाय झल्कने भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>• मानव बेचबिखन, सामाजिक विभेद, असमानता र घरेलु हिंसाजस्ता सामाजिक सुधारका बाधकतत्त्वको विरुद्ध नारा तथा प्लेकार्ड तयार गरी जनचेतना जगाउन र्‍याली वा स्क्रिप्ट लेखेर सडक नाटकको आयोजना गरी विषयवस्तुको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) चेलीबेटी बेचबिखन रोक्न के के गर्नुपर्ला ?<br>(ख) सामाजिक विभेदले तपाईंको समाजमा के कस्तो असर पारेको छ ?<br>(ग) घरेलु हिंसा रोकथामका उपाय लेख्नुहोस् ।<br>**२. छलफल र सोच- लेख- जोडीमा आदानप्रदान गर र भूमिका अभिनयमा विद्यार्थीको सहभागिता, सक्रियता, विषयवस्तुको गहनता र प्रस्तुतिका आधारमा**<br>**३. नारा तथा प्लेकार्ड वा स्क्रिप्ट लेखनमा विद्यार्थीको सिर्जनशीलता, सहभागिता, सक्रियता, विषयवस्तुको गहनता तथा र्‍याली र सडक नाटकमा सहभागिता, सक्रियता र प्रस्तुतिका आधारमा** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ११. सामाजिक सुधारमा नागरिक समाजको भूमिका खोजी गरी आफ्नो भूमिका निर्वाह गर्न | **४.२ सामाजिक सुधार**<br>• विद्यार्थीको भूमिका<br>• नागरिक समाजको भूमिका | • सोच- जोडी बनाऊ- आदानप्रदान गर (Think-Pair-Share) विधिको प्रयोग गरी विद्यार्थीले सामाजिक सुधारमा खेलेको भूमिकासम्बन्धी अनुभव आदानप्रदान गर्न लगाउनुहोस् र उनीहरूको भूमिका के हुनुपर्छ भन्ने सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सामाजिक सुधारमा नागरिक समाजको भूमिका विषयमा कक्षामा वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्नुहोस् ।<br>• समाजमा भएको कुनै समस्या समाधानका लागि समुदायका मानिसले छलफल गरेको भूमिका अभिनय गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंले सामाजिक सुधारका लागि के के गर्नुभएको छ ?<br>(ख) विद्यार्थीले समाजमा भएका समस्या समाधानमा के के सहयोग गर्न सक्छन्, लेख्नुहोस् ।<br>(ग) सामाजिक सुधारमा नागरिक समाजले खेलेको भूमिकाको समीक्षा गर्नुहोस् ।<br>**२. सोच- जोडी बनाऊ- आदानप्रदान गर (Think-Pair-Share), वक्तृत्वकला र भूमिका अभिनयमा विद्यार्थीको सहभागिता, सक्रियता, विषयवस्तुको गहनता, प्रस्तुति र उत्कृष्टताका आधारमा** | |
| ५. नागरिक चेतना | १२. शासकीय स्वरूपको परिचय दिई नेपालको संसदीय शासन प्रणालीका विशेषता प्रस्तुत गर्न | **५.१ शासकीय स्वरूप**<br>• परिचय<br>• प्रकार (संसदीय, राष्ट्रपतीय र मिश्रित)<br>• नेपालको संसदीय शासन प्रणालीका विशेषता | • विद्यार्थीलाई नेपालको हालको राष्ट्रपति, प्रधानमन्त्रीको नाम तथा तिनीहरूको छनोट गर्ने प्रक्रियाका सम्बन्धमा उनीहरूको पूर्वज्ञान पालैपालो बताउन लगाई त्यसका आधारमा नेपालको शासकीय स्वरूपको परिचय दिनुहोस् ।<br>• विभिन्न देशमा अभ्यासमा रहेका शासकीय स्वरूपको उदाहरणसहितको चार्ट/स्लाइड प्रस्तुत गर्दै शासकीय स्वरूपका प्रकार प्रस्ट पार्नुहोस् ।<br>• नेपालको संसदीय शासन प्रणालीका विशेषता लेखिएको चार्ट/स्लाइड कक्षाको भित्ता वा कक्षाकोठा बाहिर टाँसी विद्यार्थीलाई आवश्यक समूहमा बाँडेर समूहले उक्त चार्टमा लेखिएका कार्य छिटो र शुद्ध टिपोट गर्न रनिङ डिक्टेसन (Running Dictation) गराउनुहोस् ।<br>• द्रुतलेखन (Rapid Writing) को अभ्यास गराई विद्यार्थीको सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) शासकीय स्वरूपका प्रकारको परिचय दिनुहोस् ।<br>(ख) शासकीय स्वरूपमध्ये तपाईंलाई कुनचाहिँ उपयुक्त लाग्यो र किन, कारण दिनुहोस् ।<br>(ग) नेपालको संसदीय शासन प्रणालीका विशेषता लेख्नुहोस् ।<br>**२. समूहकार्य, रनिङ डिक्टेसन, द्रुतलेखनमा विद्यार्थीले देखाएको सक्रियता, लगनशीलता, नेतृत्वसमेतका आधारमा** | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १३. सङ्घीय व्यवस्थापिकाको परिचय र कार्य उल्लेख गर्न | **५.२ सङ्घीय व्यवस्थापिका**<br>● परिचय<br>● कार्य | ● नेपालको सन्दर्भमा सङ्घीय कानुन कसले निर्माण गर्छ भन्ने सम्बन्धमा मस्तिष्कमन्थन (Brainstorming) गराई आवश्यक पृष्ठपोषणसहित कानुन निर्माण गर्ने निकायका रूपमा सङ्घीय व्यवस्थापिकाको परिचय स्पष्ट पार्नुहोस् ।<br>● नेपालको सङ्घीय व्यवस्थापिकाले कानुन निर्माण गर्दा संसदमा भएको छलफल प्रक्रियाको भिडियो प्रदर्शन गरी कानुन निर्माण प्रक्रिया स्पष्ट पार्नुहोस् ।<br>● विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गरी समूहमा छलफल गर्दै नेपालको सङ्घीय व्यवस्थापिकाका कार्य टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विषयवस्तुको सबलीकरणका लागि नमुना संसदीय वादविवाद (Model Parliamentary Debate) को अभ्यास गराउनुहोस् ।<br>**अथवा**<br>● संसदीय व्यवस्थाका जानकार व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा कक्षामा आमन्त्रण गरी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी विषयवस्तुको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालको सङ्घीय व्यवस्थापिकाको परिचय दिनुहोस् ।<br>(ख) नेपालको सङ्घीय व्यस्थापिकाका कार्य स्पष्ट पार्नुहोस् ।<br>२. **छलफल, नमुना संसदीय वादविवाद वा अन्तर्क्रियामा विद्यार्थीको सहभागिता, सक्रियता, विषयवस्तुको गहनता, प्रस्तुति र उत्कृष्टताका आधारमा** | |
| | १४. सङ्घीय कार्यपालिकाको परिचय र कार्य उल्लेख गर्न | **५.३ सङ्घीय कार्यपालिका**<br>● परिचय<br>● कार्य | ● सङ्घीय कार्यपालिकाको परिचय सम्बन्धमा विद्यार्थीलाई जोडीमा छलफल गर्न लगाई केही जोडीलाई छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सङ्घीय सरकारको कार्य उल्लेख भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● अब मेरो पालो (Pens in the middle) क्रियाकलापमार्फत विद्यार्थीको सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सङ्घीय कार्यपालिकाको परिचय दिनुहोस् ।<br>(ख) सङ्घीय सरकारले गर्दै आएका कार्यको प्रभावकारिताको मूल्याङ्कन गर्नुहोस् ।<br>२. **जोडीमा छलफल-निष्कर्ष प्रस्तुति र अब मेरो पालोमा विद्यार्थीको सहभागिता, सक्रियता, प्रस्तुति र विषयवस्तुको गहनताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १५. न्यायपालिकाको परिचय र कार्य उल्लेख गर्न | **५.४ न्यायपालिका**<br>● परिचय<br>● कार्य | ● मौलिक हकको हनन भएमा न्यायका लागि तपाइँ कहाँ जानुहुन्छ भनी विद्यार्थीलाई सामूहिक प्रश्न गर्नुहोस् र उनीबाट प्राप्त जवाफलाई समेट्दै न्यायपालिकाको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विभिन्न तहका अदालतको फोटो, न्यायिक सम्पादनसँग सम्बन्धित भिडियो, डकुमेन्ट्री आदि प्रदर्शन गरी न्यायपालिकाले सम्पादन गर्ने कार्यका सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको सिकाइको सबलीकरण गर्न नमुना अदालती बहस (School Mock Court) को अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा कति तहका अदालत रहेका छन्, उल्लेख गर्नुहोस् ।<br>(ख) सर्वोच्च अदालतलाई किन अभिलेख अदालत भनिएको हो, लेख्नुहोस् ।<br>(ग) न्याय सम्पादनमा न्यायपालिकाको भूमिका विश्लेषण गर्नुहोस् ।<br>**२. प्रश्नोत्तर, छलफल र नमुना अदालती बहसमा विद्यार्थीको सहभागिता, सक्रियता, प्रस्तुति र विषयवस्तुको गहनताका आधारमा** | |
| | १६. मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका बताउन र आफ्नो भूमिका निर्वाह गर्न | ● **५.५ मानव अधिकार**<br>● मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका<br>● विद्यार्थीको भूमिका | ● मानवले प्राप्त गर्नुपर्ने अधिकार सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी मानव अधिकारको अवधारणा स्पष्ट पार्नुहोस् । यसका साथै मानव अधिकारको उपयोग गर्न अभिप्रेरित गर्नुहोस् ।<br>● समूहगत रूपमा नेपालमा मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगले खेलेको भूमिका विभिन्न सन्दर्भ सामग्री, इन्टरनेट आदिबाट खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपालमा मानव अधिकार उल्लङ्घनका घटना र त्यसमा मानव अधिकार आयोगले खेलेको भूमिकासम्बन्धी समाचार, लेख आदि खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● भित्रीबाहिरी (Speed Dating) खेल खेलाई विद्यार्थीको सिकाइ सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मानव अधिकार भनेको के हो, बताउनुहोस् ।<br>(ख) राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षणमा खेलेको भूमिकाको समीक्षा गर्नुहोस् ।<br>**२. समूहकार्य र भित्रीबाहिरी खेलमा विद्यार्थीले देखाएको सक्रियता, लगनशीलता, नेतृत्वसमेतका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ६. हाम्रो पृथ्वी | १७. विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्व, हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभाव उल्लेख गर्न | **६.१ विश्वको हावापानी**<br>● विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्व<br>● विश्वको हावापानीका क्षेत्र<br>- उष्ण प्रदेशीय हावापानीका क्षेत्र (वनस्पति, जीवजन्तु र जनजीवन)<br>- समशीतोष्ण प्रदेशीय हावापानीका क्षेत्र (वनस्पति, जीवजन्तु र जनजीवन)<br>- शीत प्रदेशीय हावापानीका क्षेत्र (वनस्पति, जीवजन्तु र जनजीवन) | ● विश्वको नक्सा प्रदर्शन गर्दै विश्वका सबै भागमा एकैनासको हावापानी नपाइनुका कारण के के होलान् भन्ने सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विश्वको हावापानीलाई प्रभाव पार्ने तत्त्वको चित्र, एनिमेटेड भिडियो तथा ग्लोब प्रदर्शन गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● चार्ट/स्लाइड प्रदर्शन गर्दै विश्वमा तापक्रमका आधारमा पाइने मुख्य तीन प्रकारका हावापानीका क्षेत्र नक्सामा देखाउँदै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको चार समूह बनाई पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको समूहगत रूपमा अध्ययन गरेर उष्ण प्रदेशअन्तर्गतका एक एक क्षेत्रको विशेषता र जनजीवन सम्बन्धमा छलफल गरी बुँदा टिपोट गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विश्वको नक्साको प्रयोग गर्दै समशीतोष्ण प्रदेशअन्तर्गतका विभिन्न क्षेत्रको विशेषता र जनजीवन झल्कने चित्र, फोटो र भिडियो प्रदर्शन गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विश्वको नक्साको प्रयोग गर्दै शीत प्रदेशको विशेषता र जनजीवन सम्बन्धमा चित्र तथा भिडियो प्रदर्शन गर्दै प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्व लेख्नुहोस् ।<br>(ख) उचाइले हावापानीमा कसरी प्रभाव पार्छ ?<br>(ग) उष्ण प्रदेशीय हावापानीका विशेषता लेख्नुहोस् ।<br>(घ) प्रेरिजको घाँसेभूमिलाई किन अन्नको भण्डार भनिन्छ, लेख्नुहोस् ।<br>(ङ) इग्लु भनेको के हो ?<br>**२. समूहकार्यमा विद्यार्थीले देखाएको सक्रियता, लगनशीलता, नेतृत्वसमेतका आधारमा** | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १८. जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनको अभ्यास गर्न | **६.२ जलवायु परिवर्तन**<br>● परिचय, कारण र प्रभाव<br>● न्यूनीकरण र अनुकूलनको अभ्यास | ● जलवायु परिवर्तनको कारण र प्रभाव झल्कने चित्र, चार्ट तथा भिडियो प्रदर्शन गर्दै छलफल गरी विषयवस्तुलाई प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह निर्माण गरी समूहगत रूपमा छलफल गरेर जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका उपाय टिपोट गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र एउटा समूहले प्रस्तुत गर्दा अर्को समूह र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।<br>● विद्यार्थीलाई विद्यालय र समुदायमा सरसफाइ र वृक्षरोपण गर्न लगाएर जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनको अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जलवायु परिवर्तन भनेको के हो ?<br>(ख) जलवायु परिवर्तन किन हुन्छ, कारण प्रस्ट पार्नुहोस् ।<br>(ग) जलवायु परिवर्तनले के के असर देखा परेको छ, लेख्नुहोस् ।<br>(घ) जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न के के गर्न सकिन्छ, सुझाव प्रस्तुत गर्नुहोस् ।<br>(ङ) जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि नेपालले गरेका कुनै दुईओटा प्रयास उल्लेख गर्नुहोस् ।<br>**२. समूहगत छलफल, प्रस्तुति, सरसफाइ र वृक्षरोपणमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | |
| | १९. नेपालको नक्सा कोर्ने सिपको अभ्यास र नक्साको प्रयोग गर्न | **६.३ नक्साकार्य**<br>● नेपालको नक्सा कोर्ने अभ्यास<br>● उपयुक्त सङ्केतको प्रयोग गरी तथ्य भर्ने अभ्यास<br>● जिपिएस प्रविधिको व्यावहारिक प्रयोग र डिजिटल नक्साको सामान्य परिचय | ● विद्यार्थीलाई एटलसमा भएको नेपालको राजनीतिक र भौतिक नक्सा अध्ययन गरी त्यसमा विभिन्न तथ्य पहिचान गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई नेपालको रेखाङ्कित नक्सा कोर्ने र उपयुक्त सङ्केत प्रयोग गरी विभिन्न तथ्य (नदी, ताल, मुख्य हिमाल, विशेष औद्योगिक क्षेत्र (SEZ), संरक्षित क्षेत्र, विश्वसम्पदामा सूचीकृत धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थल) भर्ने अभ्यास गराउनुहोस् ।<br>● जिपिएस प्रविधिको व्यावहारिक प्रयोग र डिजिटल नक्साको सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● जिपिएस वा डिजिटल नक्साको प्रयोग गरी निर्दिष्ट स्थान पत्ता लगाउने अभ्यास (Drill) गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नक्साको प्रयोग किन गरिन्छ ?<br>(ख) नदी, ताल र पहाडलाई नक्सामा देखाउन कुन कुन सङ्केत प्रयोग गरिन्छ ?<br>(ग) जिपिएस प्रविधिको प्रयोग कुन कुन काममा गर्न सकिन्छ ?<br>**२. विद्यार्थीले नक्सा कोर्ने र भर्ने अभ्यासको अवलोकन गरेर**<br>**३. जिपिएस वा डिजिटल नक्साको प्रयोग गरी स्थान पत्ता लगाउने अभ्यासमा विद्यार्थीको सहभागिता, सक्रियता र गन्तव्य पहिचानका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ७. आर्थिक क्रियाकलाप | २०. नेपालमा पर्यटनको महत्त्व र सम्भावनाका क्षेत्र खोजी गरी पर्यटन प्रवर्धनमा सहभागी हुन | **७.१ पर्यटन**<br>● पर्यटन र पर्यापर्यटनको अवधारणा<br>● महत्त्व<br>● सम्भावना<br>● पर्यटन प्रवर्धनका उपाय | ● पर्यटन र पर्यापर्यटनका विषयवस्तुमा आधारित फोटो, भिडियो, डकुमेन्ट्री, समाचार, लेख, पोस्टर आदि प्रदर्शन गरी कक्षामा मस्तिष्कमन्थन (Brainstorming), प्रश्नोत्तर तथा छलफल गरी पर्यटन र पर्यापर्यटनको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● शैक्षणिक पाटीमा "पर्यटनबाट हुने फाइदा के के हुन् ?" भन्ने प्रश्न लेखी विद्यार्थीलाई पालैपालो बोलाएर एक एकओटा बुँदा लेख्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने र तिनै बुँदाका आधारमा पर्यटन व्यवसायको महत्त्व स्पष्ट पार्नुहोस् ।<br>● नेपालमा पर्यटन व्यवसायका सम्भावना र प्रवर्धनका उपाय सम्बन्धमा समूह छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषणसहित प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पर्यटन र पर्यापर्यटनलाई परिभाषित गर्नुहोस् ।<br>(ख) वातावरण संरक्षण र समुदायको विकासका लागि पर्यापर्यटनको महत्त्व वर्णन गर्नुहोस् ।<br>(ग) तपाईंको क्षेत्रको कुनै एक पर्यटकीय स्थलको प्रवर्धन गर्नका लागि एक पोस्टर वा सञ्चारका माध्यममा प्रस्तुत गर्नुहोस् । एक गीती सन्देश (Jingle) तयार पार्नुहोस् ।<br>(घ) तपाईंको क्षेत्रमा पर्यटन व्यवसायको सम्भावना र प्रवर्धनका उपाय उल्लेख गर्नुहोस् ।<br>२. **विद्यार्थीको छलफलमा सहभागिता र सक्रियता, बुँदा टिपोट, निष्कर्ष र प्रस्तुतिका आधारमा** | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २१. वित्तीय साक्षरताको व्यावहारिक प्रयोग गर्न | **७.२ वित्तीय शिक्षा**<br>● वित्तीय शिक्षाको परिचय र महत्त्व<br>● भुक्तानीका माध्यमको प्रयोग र सावधानी<br>- नगद र चेक<br>- विद्युतीय भुक्तानी | ● विद्यार्थीका परिवारले गर्ने विभिन्न वित्तीय कारोबार र त्यसबाट परिवारलाई भएको फाइदाका सम्बन्धमा कक्षामा विद्यार्थीबिच अनुभव साटासाट गराई यस क्रममा आएका महत्त्वपूर्ण कुरा समेटी वित्तीय शिक्षाको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● शैक्षणिक पाटीमा वित्तीय शिक्षाको फाइदा के के हुन् भन्ने प्रश्न लेखी विद्यार्थीलाई पालैपालो बोलाएर एक एक ओटा बुँदा लेख्न लगाउनुहोस् र तिनै बुँदाका आधारमा वित्तीय शिक्षाको महत्त्व स्पष्ट पार्नुहोस् ।<br>● बैङ्कले आफ्ना ग्राहकलाई उपलब्ध गराउने मोबाइल बैङ्किङ एप्स, एटिएम कार्ड, क्रेडिट कार्ड, बैङ्क चेक आदि अथवा तिनीहरूको नमुना प्रदर्शन गरी प्रयोग गर्ने तरिका र उपयोगिता सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● भुक्तानीका माध्यमको प्रयोग र सावधानीका विषयमा पत्रपत्रिका वा अन्य स्रोतबाट समाचार वा लेख सङ्कलन र अध्ययन गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपाल राष्ट्र बैङ्कको वित्तीय ग्राहक संरक्षण (गुनासो सुनुवाइ पोर्टल) मा दिइएको सूचना राष्ट्र बैङ्कको वेबसाइटबाट साभार गरी वा विभिन्न स्रोतसामग्रीबाट खोजी गरी बैङ्क तथा वित्तीय संस्थासम्बन्धी गुनासा दर्ता गर्ने प्रक्रिया कक्षामा प्रस्तुत गरी छलफल गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वित्तीय शिक्षाको आधारभूत ज्ञानअन्तर्गत के के कुरा पर्छन् ?<br>(ख) वित्तीय शिक्षाको महत्त्वलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>(ग) हाल प्रचलनलनमा रहेका भुक्तानीका माध्यम के के हुन्, सूची बनाउनुहोस् ।<br>(घ) भुक्तानीका माध्यम प्रयोग र सावधानीका बारेमा एक सूचनामूलक अनुच्छेद लेख्नुहोस् ।<br>(ङ) बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कुनै गुनासो भएमा कहाँ र कसरी गुनासो दर्ता गर्न सकिन्छ, लेख्नुहोस् ।<br>**२. विद्यार्थीको अनुभव आदानप्रदान, बुँदा लेखन, छलफल र निष्कर्ष प्रस्तुतिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २२. बिमाको परिचय दिई यसको प्रकार र महत्त्व उल्लेख गर्न | **७.३ बिमा**<br>● परिचय<br>● प्रकार (जीवन, निर्जीवन र लघु)<br>● महत्त्व | ● विद्यार्थीलाई आफ्ना परिवारमा ककसले बिमा गर्नुभएको छ र बिमा भनेको के हो जस्ता प्रश्न सामूहिक रूपमा सोधी सही उत्तरलाई प्रोत्साहित गर्दै बिमाको परिचय प्रस्ट पार्नुहोस् ।<br>● बिमाको प्रकार र तिनको परिचय लेखिएको चार्ट वा स्लाइड प्रस्तुत गरी प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● बिमाको अवधिभित्र सापटी लिएर आर्थिक समस्या समाधान गरेको, बिमा अवधिपछिको भुक्तानीबाट लगानी गरी व्यवसाय सञ्चालन गरेको, बिमितको मृत्युमा आश्रित परिवारले आर्थिक क्षतिपूर्ति प्राप्त गरेको विभिन्न बिमा गरिएका वस्तुको जोखिम न्यूनीकरण भएको जस्ता घटनालाई कथाकथनका माध्यमबाट कक्षामा सुनाउनुहोस् र बिमाको महत्त्व प्रस्ट पार्नुहोस् ।<br>● तातोआलु खेलका माध्यमबाट बिमासम्बन्धी पारिभाषिक शब्द (बिमित, बिमक, बिमा प्रस्ताव, क्षतिपूर्ति आदि) को अर्थ भन्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बिमित, बिमक, बिमा प्रस्ताव, क्षतिपूर्ति जस्ता शब्दको परिभाषा आफ्नै शब्दमा लेख्नुहोस् ।<br>(ख) बिमाका प्रकारको परिचय दिनुहोस् ।<br>(ग) बिमा गर्दा हुने फाइदा समेटेर तपाईँले बिमा नगरेको आफ्नो साथीलाई बिमा गर्न कसरी प्रोत्साहित गर्नुहुन्छ, उल्लेख गर्नुहोस् ।<br>**२. प्रश्नोत्तर र छलफल, तातोआलु खेलमा विद्यार्थीको सहभागिता, सक्रियता र विषयवस्तुको गहनताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २३. सहकारीको परिचय दिन र नेपालको आर्थिक विकासमा सहकारीको भूमिका उल्लेख गर्न | **७.४ सहकारी**<br>• परिचय<br>• महत्त्व<br>• आर्थिक तथा सामाजिक विकासमा यसको भूमिका | • विद्यार्थीलाई 'सहकारी भनेको के हो' भन्ने प्रश्नको उत्तर जोडीमा खोज्न लगाई प्रत्येक जोडीले दिएको उत्तर सिकाइ पाटीमा टिप्दै जानुहोस् र त्यसकै आधारमा सहकारीको परिचय स्पष्ट पार्नुहोस् ।<br>• सहकारीको सदस्य भएर आर्थिक प्रगति गरेको कुनै एक सफल उद्यमीको मामला अध्ययनको प्रतिवेदन कथाकथन विधिका माध्यमबाट कक्षामा प्रस्तुत गरी छलफलबाट सहकारीको महत्त्व र आर्थिक तथा सामाजिक विकासमा यसको भूमिका प्रस्ट पार्नुहोस् ।<br>• सहकारीमा कार्यरत कुनै एक स्थानीय व्यक्ति वा कुनै एक स्थानीय सहकारीका पदाधिकारीलाई स्रोतव्यक्तिका रूपमा कक्षामा बोलाई 'सहकारीले समुदायमा पुऱ्याएको योगदान' विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सहकारीको परिचय दिई यसका महत्त्व स्पष्ट पार्नुहोस् ।<br>(ख) नेपालमा सामाजिक तथा आर्थिक रूपान्तरणमा सहकारीको भूमिका उदाहरणसहित वर्णन गर्नुहोस् ।<br>(ग) नेपालमा कतिपय सहकारी सहकारिताको मर्मअनुरूप सञ्चालन हुन नसकेकाले थुप्रै समस्या आउने गरेका छन् । यस्तो अवस्थामा सहकारीलाई व्यवस्थित गर्न के गर्नुपर्ला, सुझाव प्रस्तुत गर्नुहोस् ।<br>**२. प्रश्नोत्तर, छलफल र अन्तर्क्रियामा विद्यार्थीको सहभागिता, सक्रियता र उत्सुकताका आधारमा** | |
| ८. हाम्रो विगत | २४. वि. स. २००७ देखि २०१७ सम्म (प्रजातान्त्रिक व्यवस्था) को सामाजिक, आर्थिक उपलब्धि र प्रभाव बताउन | **८.१ प्रजातान्त्रिक व्यवस्थाको एक दशक (२००७-२०१७)**<br>• वि.स. २००७ को राजनीतिक घटना<br>• सामाजिक र आर्थिक उपलब्धि र प्रभाव (वि.स. २००७-२०१७ सम्म) | • २००७ सालको राजनीतिक अवस्थाको जानकारी दिने विभिन्न फोटो, चित्र, स्लाइड तथा भिडियो प्रदर्शन गर्नुका साथै कथाकथन विधिबाट उक्त राजनीतिक घटना सुनाई प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>• वि.स. २००७-२०१७ को सामाजिक र आर्थिक उपलब्धि र प्रभाव लेखिएको चार्ट/स्लाइड प्रदर्शन गरी प्रश्नोत्तर र छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वि. स. २००७ को राजनीतिक घटनाको विश्लेषण गर्नुहोस् ।<br>(ख) वि. स. २००७ देखि २०१७ को नेपालको आर्थिक र सामाजिक उपलब्धि उल्लेख गर्नुहोस् ।<br>**२. विद्यार्थीलाई राजनीतिज्ञ र पत्रकार बनी २००७-२०१७ का राजनीतिक घटनाक्रमका सम्बन्धमा नमुना अन्तर्वार्ता लिन लगाई त्यसको अवलोकन गरेर** | १६ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २५. वि. स. २०१७ देखि २०४६ सम्म (पञ्चायती शासन व्यवस्था) को प्रमुख सामाजिक तथा आर्थिक उपलब्धि र प्रभाव बताउन | **८.२ पञ्चायती शासन व्यवस्था (२०१७ देखि २०४६)**<br>• वि.स. २०१७ को राजनीतिक घटना<br>• वि.स. २०३६ को जनमत सङ्ग्रह<br>• सामाजिक तथा आर्थिक उपलब्धि र प्रभाव (वि.स. २०१७-२०४६ सम्म) | • वि.स. २०१७ को राजनीतिक घटना कथाकथन विधिबाट प्रस्तुत गरी छलफल गर्दै प्रस्ट पार्नुहोस् ।<br>• जनमत सङ्ग्रहसम्बन्धी विवरण विभिन्न सन्दर्भ सामग्रीबाट सङ्कलन गरी छलफल गर्दै उक्त राजनीतिक घटनासम्बन्धी तथ्य स्पष्ट पार्नुहोस् ।<br>• विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गर्न लगाई समूहगत रूपमा पञ्चायती शासनकालको सामाजिक तथा आर्थिक उपलब्धि र प्रभावको सूची बनाएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनमत सङ्ग्रह भनेको के हो ?<br>(ख) पञ्चायती शासनकालका सामाजिक तथा आर्थिक उपलब्धि र प्रभावको विश्लेषण गर्नुहोस् ।<br>**२. छलफलमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | |
| | २६. वि.स. २०४६ देखि २०६३ सम्म (बहुदलीय शासन व्यवस्था) को सामाजिक र आर्थिक उपलब्धि खोजी गर्न | **८.३ बहुदलीय शासन व्यवस्था (२०४६-२०६३)**<br>• वि.स. २०४६ सालको राजनीतिक घटना<br>• सामाजिक र आर्थिक उपलब्धि (**वि.स. २०४६-२०६३) सम्म**) | • वि.स. २०४६ सालको राजनीतिक घटनाको फोटो, भिडियो, स्लाइड वा चार्ट प्रस्तुत गरी छलफल गर्नुहोस् ।<br>• विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गर्न लगाई बहुदलीय शासन व्यवस्था (वि.स. २०४६-२०६३ सम्म) को सामाजिक र आर्थिक उपलब्धि समूहमा छलफल गरेर टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सिकाइको सबलीकरण गर्नका लागि बहुदलीय शासन व्यवस्था (२०४६-२०६३) का विषवस्तु समेटेर प्रश्न निर्माण गरी कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वि.स. २०४६ पछि गठित अन्तरिम सरकारका मुख्य कार्य के के थिए ?<br>(ख) बहुदलीय शासन व्यवस्था (वि.स. २०४६ देखि २०६३) को सामाजिक र आर्थिक उपलब्धिको विश्लेषण गर्नुहोस् ।<br>**२. हाजिरीजवाफमा विद्यार्थीको सहभागिता, सक्रियता, विषयवस्तुको ज्ञान र उत्कृष्टता आदिका आधारमा श्रेणीमापन प्रयोग गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २७. वि.स. २०६३ देखि हालसम्म (लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था) को सामाजिक र आर्थिक उपलब्धि विश्लेषण गर्न | **८.४ लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था (वि.स. २०६३ देखि हालसम्म)**<br>● वि.स. २०६३ सालको राजनीतिक घटना<br>● सामाजिक र आर्थिक उपलब्धि (वि.स. २०६३ देखि हालसम्म) | ● वि.स. २०६३ को लोकतान्त्रिक आन्दोलनको फोटो, भिडियो प्रदर्शन गरी छलफल गरी उक्त राजनीतिक घटनालाई प्रस्ट पार्नुहोस् ।<br>● विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गर्न लगाई समूहगत रूपमा छलफल गरी वि.स. २०६३ देखि हालसम्मको सामाजिक तथा आर्थिक उपलब्धि र प्रभावको सूची बनाएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लोकतान्त्रिक शासन व्यवस्था भनेको के हो ?<br>(ख) नेपालको गणतन्त्रात्मक शासन व्यवस्थालाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला, तपाईंको राय लेख्नुहोस् ।<br>(ग) गणतन्त्रात्मक शासन व्यवस्थाका सामाजिक तथा आर्थिक उपलब्धिको विश्लेषण गर्नुहोस् ।<br>**२. छलफल र प्रस्तुतिमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | |
| | २८. पुनर्जागरणको परिचय दिई यसले मानव जीवनमा पारेको प्रभाव बताउन | **८.५ पुनर्जागरण**<br>● परिचय<br>● मानव जीवनमा पारेको प्रभाव | ● पुनर्जागरणसँग सम्बन्धित तथ्यको चार्ट वा स्लाइड प्रदर्शन गर्दै पुनर्जागरणको परिचय स्पष्ट पार्नुहोस् ।<br>● पुनर्जागरणले मानव जीवनमा परेको प्रभाव समूहगत रूपमा विभिन्न सन्दर्भ सामग्रीको अध्ययन र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र एउटा समूहको प्रस्तुतिमा अन्य समूह र शिक्षकले आवश्यक पृष्ठपोषण दिई सम्बन्धित विषयवस्तुलाई प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पुनर्जागरणको परिचय दिनुहोस् ।<br>(ख) पुनर्जागरणले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।<br>**२. छलफल र प्रस्तुतिमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ९. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | २९. संयुक्त राष्ट्रसङ्घको परिचय दिई यसका अङ्गका कार्य उल्लेख गर्न | **९.१ संयुक्त राष्ट्रसङ्घ**<br>● परिचय<br>● अङ्ग र कार्य | ● संयुक्त राष्ट्रसङ्घको लोगो प्रदर्शन गरी त्यसको पहिचान गर्न र त्यस संस्थाका सम्बन्धमा विद्यार्थीलाई जानकारी भएका कुरा पालैपालो बताउन लगाउनुहोस् ।<br>● संयुक्त राष्ट्रसङ्घका उद्देश्य लेखिएको चार्ट कक्षाको भित्ता वा कक्षाकोठा बाहिर टाँसी विद्यार्थीलाई आवश्यक समूहमा बाँडेर समूहले उक्त चार्टमा लेखिएका कार्य छिटो र शुद्ध टिपोट गर्नुहोस् र रनिङ डिक्टेसन क्रियाकलाप गराउनुहोस् ।<br>● विद्यार्थीको छओटा समूह निर्माण गरी प्रत्येक समूहलाई एक एकओटा संयुक्त राष्ट्रसङ्घका अङ्ग र त्यसको कार्य विभिन्न स्रोतसामग्री वा पाठ्यपुस्तकको अध्ययन गरी चार्टपेपरमा टिपोट गर्न लगाई कक्षामा प्रदर्शन गर्न र एक समूहको प्रस्तुतिलाई अन्य समूहले पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् ।<br>● कक्षाकोठालाई संयुक्त राष्ट्रसङ्घको महासभा मानी विभिन्न प्रस्ताव पारित गर्ने र कुनै प्रस्तावमा स्थायी सदस्य राष्ट्रले प्रयोग गर्न पाउने भिटोको अभ्याससमेत अभिनय गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) एटलान्टिक चार्टर भनेको के हो ?<br>(ख) संयुक्त राष्ट्रसङ्घ आफ्ना उद्देश्य पूरा गर्न कति सफल भएको छ, यसले निर्वाह गर्दै आएको भूमिकाका आधारमा विश्लेषण गर्नुहोस् ।<br>**२. रनिङ डिक्टेसनमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा**<br>**३. विद्यार्थीले महासभाको सदस्य भएर गरेको अभिनयका आधारमा** | ८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ३०. संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका उल्लेख गर्न | **९.२ संयुक्त राष्ट्रसङ्घ र नेपाल**<br>● सम्बन्ध र सहयोग<br>● शान्ति स्थापनामा नेपालको योगदान | ● विद्यार्थीलाई नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गर्नका लागि गरेको प्रयास र सदस्यता प्राप्त गरेको मिति जोडीमा छलफल गर्न लगाई केही जोडीलाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गरेर समूहमा छलफल गरी नेपालले संयुक्त राष्ट्रसङ्घको विभिन्न समिति र निकायमा खेलेको भूमिका टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विश्वमा शान्ति स्थापना गर्न नेपालले खेलेको भूमिका सम्बन्धमा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।<br>● शान्ति स्थापना मिसनमा नेपाली सेनाले पुऱ्याएको योगदानसँग सम्बन्धित समाचार, सम्पादकीय, चित्र आदि सङ्कलन गर्न लगाई बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को अस्थायी सदस्य कहिले कहिले बनेको थियो ?<br>(ख) संयुक्त राष्ट्रसङ्घले नेपालमा गरेको सहयोगका क्षेत्र उल्लेख गर्नुहोस् ।<br>(ग) विश्वमा शान्ति स्थापना गर्न संयुक्त राष्ट्रसङ्घको सदस्यको हैसियतले नेपालले खेलेको भूमिकाको समीक्षा गर्नुहोस् ।<br>**२. छलफल, वक्तृत्वकला प्रतियोगिता र सिर्जना (समाचार, सम्पादकीय, चित्र आदि) क्रियाकलापको प्रकृतिअनुसार विद्यार्थीको सहभागिता, सक्रियता, विषयवस्तुको ज्ञान, प्रस्तुति र उत्कृष्टताका आधारमा** | |
| १०. जनसङ्ख्या व्यवस्थापन | ३१. नेपालको वर्तमान जनसङ्ख्या वितरण र यसले पारेको प्रभाव विश्लेषण गर्न | **१०.१ जनसङ्ख्याको वितरण**<br>● भौगोलिक र सङ्घीय प्रदेश<br>● नेपालमा जनसङ्ख्या वितरणको आर्थिक र सामाजिक प्रभाव | ● भौगोलिक प्रदेश (हिमाल, पहाड र तराई) र सङ्घीय व्यवस्था अनुरूपका प्रदेशका जनसङ्ख्याको वितरण (प्रतिशतमा) तालिका प्रदर्शन गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा भौगोलिक तथा सङ्घीय व्यवस्थाअनुरूपका प्रदेशमा जनसङ्ख्या वितरणको प्रभाव झल्काउने चित्र वा भिडियो प्रदर्शन गर्दै छलफल गरी विषयवस्तु प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा सबैभन्दा बढी र सबैभन्दा कम जनसङ्ख्या भएका भौगोलिक प्रदेश कुन कुन हुन् ?<br>(ख) नेपालको सङ्घीय व्यवस्थाअनुरूपका सात प्रदेशमा जनसङ्ख्या वितरण समान नहुनुका कारण के के हुन्, सूची बनाउनुहोस् । | ८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | ● विद्यार्थीको दुईओटा समूह बनाई एउटा समूहलाई भौगोलिक प्रदेश (हिमाल, पहाड र तराई) को जनसङ्ख्याको वितरण (प्रतिशतमा) लाई वृत्त चित्रमा र अर्को समूहलाई सङ्घीय व्यवस्थाअनुरूपका प्रदेशका जनसङ्ख्याको वितरण (प्रतिशतमा) लाई स्तम्भचित्रमा प्रस्तुत गरी प्रदर्शन गर्न लगाउनुहोस् । | (ग) नेपालमा जनसङ्ख्याको असमान वितरणका प्रभाव विश्लेषण गर्नुहोस् ।<br>२. **विद्यार्थीले बनाएका वृत्तचित्र र स्तम्भचित्रको अवलोकनका आधारमा** | |
| | ३२. गुणस्तरीय जीवनका लागि पारिवारिक योजना निर्माण गर्न | **१०.२ गुणस्तरीय जीवनका लागि पारिवारिक योजना**<br>● गुणस्तरीय जीवनको परिचय र आधार<br>● पारिवारिक योजना निर्माण र प्रयोग | ● पारिवारिक योजना र गुणस्तरीय जीवनसँग सम्बन्धित केही प्रश्न तयार पारी विद्यार्थीलाई पालैपालो सोध्नुहोस् र उनीहरूले दिएका सही उत्तरलाई शैक्षणिक पाटीमा टिप्दै त्यसलाई समेट्दै पारिवारिक योजना र गुणस्तरीय जीवनको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● गुणस्तरीय जीवनका लागि पारिवारिक योजनाको आधार सम्बन्धमा रनिङ डिक्टेसन गराउनुहोस् ।<br>● प्रतियोगिताको तयारी, सञ्चालनको सम्पूर्ण जिम्मा विद्यार्थीलाई नै दिई कक्षामा 'पारिवारिक योजना र गुणस्तरीय जीवनबिचको सम्बन्ध' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् र वक्ताले बोलेका महत्त्वपूर्ण बुँदा सबै विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् र केही विद्यार्थीलाई बुँदा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।<br>● विद्यार्थीको समूह निर्माण गरी समूहगत रूपमा गुणस्तरीय जीवनका लागि पारिवारिक योजना बनाउन र क्रमशः प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>१. **नमुना प्रश्न**<br>(क) गुणस्तरीय जीवन भनेको के हो ?<br>(ख) गुणस्तरीय जीवन र पारिवारिक योजनाबिचको सम्बन्ध आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।<br>(ग) गुणस्तरीय जीवनका लागि पारिवारिक योजना किन आवश्यक छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>२. **विद्यार्थीले बनाएको गुणस्तरीय जीवनका लागि पारिवारिक योजनाको अवलोकनका आधारमा** | |

## ५. परियोजना तथा प्रयोगात्मक कार्य

**कक्षा ९**

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| १. हामी र हाम्रो समाज | ● तपाईंको आफ्नो समाजका प्रमुख विशेषताको विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>● तपाईं बसेको समाज विगतदेखि अहिलेको अवस्थासम्म कसरी आइपुग्यो, सोधखोज गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् । |
| २. विकासका पूर्वाधार | ● तपाईंको विद्यालय रहेको वडा कार्यालयमा गई वडा अध्यक्षलाई भेट्नुहोस् र वडाभित्रका विकासका पूर्वसर्त अथवा पूर्वाधारहरूको वर्तमान अवस्था पत्ता लगाई एक प्रतिवेदन तयार पार्नुहोस् ।<br>● विभिन्न सन्दर्भ सामग्रीका आधारमा तपाईं रहनुभएको प्रदेशको मानव विकासको अवस्था पत्ता लगाई मानव विकास प्रवर्धन गर्न अवलम्बन गर्नुपर्ने उपायहरू समेटी एउटा प्रतिवेदन तयार पार्नुहोस् । |
| ३. हाम्रा मूल्यमान्यता | ● तपाईंको समुदायमा प्रचलित अतिथि सत्कार, सांस्कृतिक कार्यमा सहभागिता, पुर्खाको सम्मान जस्ता मौलिक सामाजिक परम्पराको अभ्यास सम्बन्धमा समुदायका अग्रज व्यक्तिहरू वा ज्येष्ठ नागरिकहरूसँग सोधपुछ गरी प्रेरणामूलक एउटा लेख तयार पार्नुहोस् ।<br>● तपाईंको परिवार, साथी एवम् समुदायमा उत्पन्न कुनै विवाद र त्यसको शान्तिपूर्ण समाधानमा तपाईंको भूमिका समेटी एउटा वास्तविक वा काल्पनिक घटना कथाका रूपमा तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>● आफ्नै समुदायमा पाइने परम्परागत कलासम्बन्धी विभिन्न जानकारी सङ्कलन गर्नुहोस् र त्यसका आधारमा कला प्रवर्धनका उपायहरू समेटी विद्यालयको प्रदर्शनबोर्ड वा वेबसाइट वा सामाजिक मिडियामा प्रस्तुत गर्नका लागि नाटक वा कविता वा सन्देशमूलक पोस्टर तयार पार्नुहोस् ।<br>● "मेरो आदर्श राष्ट्रिय विभूति" शीर्षकमा कक्षामा निबन्ध लेखन प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट निबन्ध छनोट गर्नुहोस् । निबन्धमा समेटिनुपर्ने विषयवस्तुहरू :<br>- विभूतिको परिचय<br>- विभूतिका योगदान<br>- विभूतिबाट प्राप्त प्रेरणा<br>(आयोजक समूहले प्रतियोगितामा समावेश भएका उत्कृष्ट निबन्धहरू विद्यालयको सूचनापाटी, वेबसाइट, स्मारिका, पत्रपत्रिका आदिमा प्रकाशन गरी हौसला बढाउनुहोस् ।) |
| ४. सामाजिक सुधार | ● हेपाइ, दुर्व्यवहार, इन्टरनेट कुलत र साइबर अपराधविरुद्ध जनचेतना जगाउने पोस्टर, पर्चा वा पम्प्लेट तयार पारी विद्यालय र समुदायमा प्रदर्शन गर्नुहोस् ।<br>● नजिकको स्थानीय क्लब, इको क्लब र उपभोक्ता समितिका पदाधिकारीसँग भेट गर्नुहोस् र सोधखोज तथा अन्तर्क्रिया गरेर सामाजिक सुधारमा सम्बन्धित संस्थाको भूमिका टिपोट गरी प्रतिवेदन लेख्नुहोस् । |

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
| --- | --- |
| ५. नागरिक चेतना | • विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गरी स्थानीय राजनीतिज्ञ, कानुन व्यवसायी तथा जानकार व्यक्तिहरूसँग अन्तर्क्रिया गरेर नेपालको वर्तमान संविधानमा रहेको प्रदेश व्यवस्थापिकाको कार्यहरूको सूची बनाई हालसम्म प्रदेश व्यवस्थापिकाले सम्पन्न गर्न नसकेका कार्यहरू पहिचान गरी ती कार्यहरू यथाशीघ्र सम्पन्न गर्न सुझाव समेटेर प्रदेश सभामुखलाई पठाउन नमुना पत्र तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• देशमा सङ्घीयताको कार्यान्वयनसँगै प्रदेशको विकासमा प्रदेश सरकारले सञ्चालन गरेको कुनै एउटा विकास कार्यक्रम र त्यसले समाजमा पारेको प्रभाव समेटी एउटा प्रतिवेदन लेख्नुहोस् ।<br>• जन्मदर्ता प्रमाणपत्र वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र प्राप्त गर्नका लागि भर्नुपर्ने फारामको नमुना तयार पारी वा सङ्कलन गरी विवरण भर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• चार्टपेपर वा स्लाइडमा जन्मदर्ता प्रमाणपत्र वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• नागरिक अधिकारको रक्षाका लागि नागरिक समाजले खेलेको भूमिका सम्बन्धमा समुदायका जानकार व्यक्तिसँग सोधखोज गरी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ६. हाम्रो पृथ्वी | • गुगल वा विभिन्न वेबसाइटको प्रयोग गरी विभिन्न महादेशका मुख्य मुख्य दश सहरहरूको प्रामाणिक समय पत्ता लगाई ती सहरहरूमा समय फरक पर्नुका कारणसहितको सङ्क्षिप्त विवरण तयार पार्नुहोस् ।<br>• भोगटे वा स्याउ वा त्यस्तै खँदिलो गोलाकार वस्तुलाई पृथ्वीको नमुनाका रूपमा लिई तिनलाई काटेर पृथ्वीको केन्द्रमा अक्षांश र देशान्तरका कोणहरू कसरी बनेका हुन्छन् भनी प्रयोग गरेर देखाउनुहोस् ।<br>• चारपाँच जनाको विभिन्न समूह निर्माण गरी प्रत्येक समूहले चार्टपेपरमा नेपालको ठुलो नक्सा बनाएर कुनै एक भौगोलिक प्रदेश देखाउनुहोस् र त्यसको वरिपरि सो प्रदेशका विशेषताहरू लेखेर कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>• फरक फरक समूहमा बसेर चार्ट पेपरमा नेपालको रेखाङ्कित नक्सा बनाउनुहोस् र त्यस नक्सामा एक समूहले नेपालका मुख्य नदीहरू र अर्को समूहले हिमालहरू गर्दै विभिन्न तथ्यहरू भरी कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>• विद्यालयमा हुन सक्ने सम्भावित विपत्को व्यवस्थापन लागि एउटा योजना तयार पार्नुहोस् ।<br>• विद्यालयमा भूकम्पीय स्थानान्तरण नक्सा तयार पारी प्रदर्शन गर्नुहोस् । |
| ७. आर्थिक क्रियाकलाप | • तपाईंको क्षेत्रका केही कृषकहरूलाई भेटी कृषि क्षेत्रको विकासको सम्भावना सम्बन्धमा अन्तर्क्रिया गरी एउटा छोटो प्रतिवेदन तयार पार्नुहोस् ।<br>• तपाईंको क्षेत्रमा उपलब्ध साधनस्रोतका आधारमा विभिन्न उद्योगहरूको विकासका सम्भावना खोजी गरी ती उद्योगहरूबाट उत्पादन हुन सक्ने वस्तुहरू र तिनका बजारीकरणको सम्बन्धमा स्थानीय जानकार व्यक्तिहरूसँग अन्तर्क्रिया गर्नुहोस् । अन्तर्क्रियाबाट प्राप्त महत्त्वपूर्ण तथ्यहरू समेटी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।<br>• तपाईंको स्थानीय क्षेत्रमा उत्पादन गरी अन्य देशहरूमा निर्यात गर्ने सम्भावना भएका वस्तुहरू पत्ता लगाउनुहोस् । ती वस्तुहरूको निर्यात गर्नका लागि आवश्यक प्रक्रियाका बारेमा सोधखोज गरी वस्तुहरूको सूची, निर्यात गर्न सकिने देशहरू र आवश्यक प्रक्रियाको विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• भविष्यमा तपाईंले सञ्चालन गर्न सक्ने कुनै एउटा व्यवसायका लागि योजनाको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । |

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| ८. हाम्रो विगत | ● स्थानीय तहमा रहेका ऐतिहासिक स्थलहरूको अध्ययन भ्रमण, ऐतिहासिक सम्पदाहरूको संरक्षणमा सहभागी निकायहरूको खोज तथा अध्ययन र आफ्नो समुदायका अग्रजहरूसँग सोधपुछ वा इतिहाससम्बन्धी स्थानीय जनश्रुति तथा लोकगाथा सङ्कलन गरी "हाम्रा ऐतिहासिक स्रोत र संरक्षणमा संलग्न निकाय" शीर्षकमा एउटा प्रतिवेदन तयार पार्नुहोस् ।<br>● नेपाली नारी पुरुषसरह जुनसुकै क्षेत्रमा अगाडि बढ्न सक्छन् भन्ने भाव व्यक्त गर्दै नालापानीको युद्धको उदाहरण दिएर गोरखापत्र दैनिकका लागि एक समाचारको नमुना तयार पार्नुहोस् ।<br>● विभिन्न स्रोतसामग्रीहरूको अध्ययन र जानकारहरूसँग अन्तर्क्रिया गरेर निम्नानुसार तथ्यहरू सङ्कलन गरी ग्रिस वा रोमको सभ्यता र त्यसको प्रभाव शीर्षकमा एउटा प्रतिवेदन तयार पार्नुहोस् :<br>- पृष्ठभूमि<br>- दैनिक जीवनशैली<br>- सामाजिक अवस्था<br>- राजनीतिक अवस्था<br>- वर्तमान समाजमा प्रभाव आदि |
| ९. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ● नेपालको असंलग्न परराष्ट्र नीतिले विश्व शान्तिमा पुऱ्याएको योगदान र नेपालको कुटनीतिक सम्बन्धमा पारेको प्रभाव विभिन्न स्रोतबाट खोजी गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>● बिमस्टेकको स्थापना, उद्देश्य, लोगो, सदस्य राष्ट्रहरू र हालसम्मका मुख्य गतिविधिहरू तथा नेपालले यसबाट प्राप्त गरेका उपलब्धिहरू समेटी बिमस्टेक एवम् नेपाल शीर्षकमा एउटा लेख तयार पार्नुहोस् । |
| १०. जनसङ्ख्या व्यवस्थापन | ● वि.स. २०७८ को जनगणनाअनुसार बृहत् उमेर समूहअनुसारको नेपालको जनसङ्ख्याको बनोटको तथ्याङ्क सङ्कलन गरी उक्त तथ्याङ्कलाई स्तम्भचित्रमा देखाउनुहोस् ।<br>● तपाईंको स्थानीय तहमा मानिसको गुणस्तरीय जीवनको अवस्था कस्तो छ, अध्ययन गरी निम्नलिखित बुँदामा आधारित भएर एउटा प्रतिवेदन तयार पार्नुहोस् :<br>- शिक्षा र स्वास्थ्यमा पहुँच<br>- खुसी र आनन्दीपन<br>- आधारभूत आवश्यकताहरूको परिपूर्ति आदि |
| परियोजना कार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, सिर्जनशीलता, समयको पालना, प्रस्तुतीकरण र अभिलेखीकरण समेतका आधारमा श्रेणीमापन गरी अभिलेखन गर्नुहोस् । | |

## कक्षा १०

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| १. हामी र हाम्रो समाज | • छिमेकको कुनै एक घरका क्रियाकलाप अवलोकन गर्नुहोस् र तपाईंको परिवारमा भएका सामाजिकीकरणका अभ्याससँग तुलना गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• विविधताबिच एकता र सद्भाव देखाउन हामी सबै एउटै समाजका अङ्ग हौँ भन्ने नारासहितको पोस्टर तयार गर्नुहोस् । |
| २. विकासका पूर्वाधार | • आफ्नो समुदायमा भएका विकास निमार्णका कार्यहरू, जस्तै : बाटो, पुल, जलविद्युत्, सञ्चार आदिको अवस्था अध्ययन गरी विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• यदि तपाईं ऊर्जा मन्त्री हुनुभयो भने नेपालको ऊर्जा विकासका लागि गर्ने कार्य समेटेर एक योजना तयार पार्नुहोस् ।<br>• तपाईंको समुदाय नजिकै पर्ने कुनै जलविद्युत् आयोजनाको अध्ययन गर्नुहोस् र त्यसको उत्पादन क्षमता र अवस्थालाई समेटेर प्रतिवेदन तयार पार्नुहोस् । |
| ३. हाम्रा मूल्यमान्यता | • आफ्नो समुदायमा रहेका ऐतिहासिक सम्पदाको संरक्षणका लागि एउटा योजना निर्माण गर्नुहोस् ।<br>• स्वास्थ्य सचेतताका लागि "स्वस्थ शरीर, स्वस्थ दिमाग", "नियमित व्यायामको महत्त्व", "अल्पपोषक खाना होइन, पौष्टिक आहार" विषयहरूमा समूहमा पोस्टर बनाई प्रदर्शन गर्नुहोस् ।<br>• आफ्नो गाउँ/सहरको लोकगीत, नृत्य वा बाजाको भिडियो खिची समूहमा मिलेर एउटा डकुमेन्ट्री तयार गर्नुहोस् ।<br>• आफ्नो समुदायका असहाय तथा अपाङ्गता भएका व्यक्तिसँग साक्षात्कार गरी उहाँहरूको अनुभव, उहाँहरूप्रतिको समाजको व्यवहार र सहयोगका सम्बन्धमा जानकारी सङ्कलन गरी त्यसैका आधारमा एउटा लेख लेख्नुहोस् । |
| ४. सामाजिक सुधार | • मानव बेचबिखनविरुद्ध (चेलीबेटी बेचबिखन, मानव ओसारपसार, बालबालिकाको बेचबिखन आदि) जनचेतना जगाउने नारासहितको प्लेकार्ड, पर्चा वा पम्प्लेट तयार पारी विद्यालय वरिपरिको समुदायमा र्‍याली आयोजना गर्नुहोस् वा विद्यालयमा प्रदर्शन गर्नुहोस् ।<br>• सामाजिक सुधारमा विद्यार्थी र नागरिक समाजको भूमिका अभिनयका लागि स्क्रिप्ट तयार गरी कक्षामा प्रदर्शन गर्नुहोस् । |
| ५. नागरिक चेतना | • आफ्नो निर्वाचन क्षेत्रको प्रतिनिधि सभाको सदस्य वा स्थानीय राजनीतिक व्यक्तित्वसँग सङ्घीय व्यवस्थापिका संसदले कानुन निर्माण गर्ने प्रक्रिया सम्बन्धमा सोधपुछ गरेर विवरण टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• नेपालमा न्यायपालिकाले सम्पादन गरेको न्यायिक कार्यको निष्पक्षता, पारदर्शिता र प्रभावकारिता सम्बन्धमा कुनै एक जना कानुनविद्सँग सोध्नका लागि प्रश्नावली निर्माण गर्नुहोस् ।<br>• मानव अधिकार संरक्षण र प्रवर्धनमा नागरिकको भूमिका विषयमा एउटा स्थानीय पत्रिकाका लागि सम्पादकीय तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ६. हाम्रो पृथ्वी | • विश्वको रेखाङ्कित नक्सामा उष्ण प्रदेश, समशीतोष्ण प्रदेश र शीत प्रदेशमध्ये कुनै एक प्रदेश देखाई उक्त प्रदेशका विशेषता नक्सामै उल्लेख गरी वा टाँसी कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>• जलवायु परिवर्तनका कारण, प्रभाव तथा न्यूनीकरण र अनुकूलनका उपाय झल्कने एउटा पोस्टर तयार पार्नुहोस् ।<br>• जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू समेटेर एउटा प्रतिवेदन तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| ७. आर्थिक क्रियाकलाप | ● तपाईंको क्षेत्रमा केही होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी, होमस्टे/घरवास जस्ता पर्यटन व्यवसाय सञ्चालनमा आएका होलान्, यस्ता गतिविधिबाट स्थानीय समुदायले कसरी लाभ उठाएको छ, खोजी गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।<br>● तपाईंको क्षेत्रमा रहेको कुनै एउटा वित्तीय संस्था (बैङ्क वा सहकारी) को भ्रमण गरी निम्नलिखित बुँदाका आधारमा एक प्रतिवेदन तयार पार्नुहोस् :<br>- संस्थाको नाम र ठेगाना<br>- बचत गर्ने प्रक्रिया र सेवा सुविधा<br>- कर्जा/ऋण लिने र फिर्ता गर्ने प्रक्रिया<br>● बिमाको महत्त्वलाई समेटी जनमानसमा बिमाप्रति सकारात्मक भाव जगाउने एउटा लेख/कविता/गीत/नाटकको स्क्रिप्ट/संवाद तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>● नेपालका धेरै सहकारीहरू सहकारीको मर्मअनुसार चल्न नसकेको गुनासाहरू छन् । यसै सन्दर्भमा सहकारीलाई थप प्रभावकारी र सफल बनाउन सहकारीहरूले आमजनताको विश्वास जित्न जरुरी छ । यस्तो अवस्थामा सरकार र सहकारी संस्थाले कस्तो भूमिका खेल्नुपर्छ ? स्थानीय सरोकारवाला व्यक्तिहरूको विचार सङ्कलन गरी प्राप्त तथ्यहरूका आधारमा एक प्रतिवेदन लेख्नुहोस् । |
| ८. हाम्रो विगत | ● वि.स. २००७ देखि २०१७ सालसम्मको सामाजिक र आर्थिक उपलब्धि तथा प्रभावसम्बन्धी तथ्यहरू समेटी छोटो लेख तयार पार्नुहोस् ।<br>● विद्यालयको पुस्तकालयमा भएका इतिहासका पुस्तकको अध्ययन गरेर वा इन्टरनेटका माध्यमबाट वि.स. २०४६ सालको जनआन्दोलन, यसका कारण र परिणाम खोजी गरी विवरण तयार गर्नुहोस् ।<br>● विभिन्न स्रोतसामग्रीहरूको अध्ययन र जानकारहरूसँग अन्तर्क्रिया गरेर निम्नानुसार तथ्यहरू सङ्कलन गरी पुनर्जागरण र त्यसको प्रभाव शीर्षकमा एउटा प्रतिवेदन तयार पार्नुहोस् :<br>- पृष्ठभूमि<br>- दैनिक जीवनशैली<br>- सामाजिक अवस्था<br>- राजनीतिक अवस्था<br>- वर्तमान समाजमा प्रभाव आदि |
| ९. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ● नेपालमा वि.स. २०५२ फागुन १ गतेदेखि भएको सशस्त्र द्वन्द्वको अन्त्य गरी शान्ति स्थापना गर्न संयुक्त राष्ट्रसङ्घले खेलेको भूमिका विभिन्न स्रोतहरूमार्फत खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| १०. जनसङ्ख्या व्यवस्थापन | ● वि.स. २०७८ को जनगणनाअनुसार भौगोलिक प्रदेश (हिमाल, पहाड र तराई) को जनसङ्ख्याको वितरणको तथ्याङ्कलाई वृत्तचित्रमा र सङ्घीय व्यवस्थाअनुरूपका प्रदेशको जनसङ्ख्याको वितरणको तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गर्नुहोस् ।<br>● परिवारको आकार, स्वास्थ्य सुविधा, गुणस्तरीय शिक्षाको उपलब्धता, पारिवारिक सुरक्षा जस्ता पारिवारिक जीवनसँग सम्बन्धित विभिन्न पक्षहरू समेटी 'गुणस्तरीय जीवनका लागि पारिवारिक योजना' तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| परियोजना कार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, सिर्जनशीलता, समयको पालना, प्रस्तुतीकरण र अभिलेखीकरण समेतका आधारमा श्रेणीमापन गरी अभिलेखन गर्नुहोस् । | |

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

सामाजिक अध्ययन विषयको पाठ्यक्रमले सामाजिक विज्ञानका विभिन्न विषयवस्तुलाई समेटेको छ। यसका विषयवस्तुको सिकाइ सहजीकरणमा सबै विषयक्षेत्रलाई समान महत्त्व दिनुपर्ने हुन्छ। सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सिकाइ सहजीकरणमार्फत विद्यार्थीमा ज्ञान, सिप, अभिवृत्ति र मूल्यको विकास गराउनुपर्छ। यस विषयले क्रियाकलापमा आधारित व्यावहारिक सिकाइलाई महत्त्व दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्ना गाउँ, टोल, समुदायसँग सम्बन्ध राखी क्रियाकलाप गराउनुपर्छ। सिकाइ सहजीकरण गर्दा घोकाउने र कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी खोज तथा अनुसन्धान गरेर सिक्ने वातावरण तयार गर्नुपर्छ। यसले सिकेका विषयवस्तुलाई सिर्जनात्मक र विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्छ। सामाजिक अध्ययनले विद्यार्थीका विभिन्न सिर्जना जस्तै : कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, चित्रमार्फत भाव अभिव्यक्त गरुन् भन्ने लक्ष्य राखेको छ। यी सबै सिपको विकास गर्न विद्यार्थीलाई आआफ्ना रुचिअनुसारका सिपको विकास गर्न प्रोत्साहित गर्नुपर्छ। यसका निम्ति शिक्षक निर्मित वार्षिक शैक्षणिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको ठुलो भूमिका रहन्छ। विद्यार्थीलाई क्रियाकलापमा आधारित भई गरेर सिक्ने वातावरण र अवसर प्रदान गर्नुपर्छ। यो विषयको सिकाइ सहजीकरण गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधि यहाँ उल्लेख गरिएको छ तर यी नमुना मात्र भएकाले शिक्षकले परिस्थितिअनुकूल विधि छनोट गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ। सामाजिक अध्ययन विषयको सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधि, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, सोधपुछ/अन्तर्वार्ता, अभिनय, कथाकथन, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, सामुदायिक कार्य, फ्लिप मोडल, समालोचनात्मक चिन्तन आदि प्रयोग गर्नपर्छ। समालोचनात्मक चिन्तन सिप विधिअन्तर्गत मस्तिष्कमन्थन, Think -Pair-Share, जिग्स (Jigsaw), ग्यालरी वाक (Gallery Walk), रनिङ डिक्टेसन (Running Dictation), अब मेरो पालो (Pens in the Middle), एक रहने अरू छरिने (One Stays Others Stray), घुलमिल स्थिर जोडी (Mix Freeze Pair), शब्दार्थ चित्र (Semantic map), सङ्गठित सिंहावलोकन, जोडीमा पढाइ र जोडीमा सारांश, द्रुत लेखन (quick write), मान्यता (Value line), तातोआलु, तातोकुर्सी जस्ता सिकाइ रणनीति आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ। जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीलाई केन्द्रबिन्दुमा राख्नुपर्छ। सिकाइ सहजीकरण गर्दा विद्यार्थीको सहभागितालाई प्रोत्साहित गर्नुपर्छ। विद्यार्थीलाई समस्या समाधान गर्न गाह्रो अवस्थामा मात्र कमीकमजोरीलाई राम्रोसँग केलाई शिक्षकले आवश्यक सहयोग गरी समाधान गरिदिनु उचित हुन्छ।

सामाजिक अध्ययनका सम्पूर्ण सिपको विकासका लागि सबै विद्यार्थीलाई एकै खालको सिकाइ सहजीकरणले मात्र सम्भव नहुन सक्छ। त्यसैले उनीहरूमा बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यको विकास गर्न सिकाइ क्रियाकलापमा विविधता ल्याउनुपर्छ। यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ। विद्यार्थी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन्, त्यसैले उनीमा "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउनुपर्छ। यसले विद्यार्थीको सिकाइ र व्यवहारमा सुधार ल्याउँछ। विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा विधि र सामग्रीको पहुँचयुक्तता (Accessibility) र उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी सिकाइ सहजीकरण गर्नुपर्छ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुबै किसिमका मूल्याङ्कन गरिने छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्छ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षा, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ। विद्यार्थीले हासिल गरेका मुख्य सिकाइ उपलब्धि स्तर मूल्याङ्कन गर्दा विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ। यसका लागि रुजुसूची, श्रेणीमापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्न सकिन्छ। प्रश्नलगायत व्यावहारिक समस्या समाधान, कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिस्तर

मूल्याङ्कन गर्न प्रयोग हुन सक्ने साधन हुन् । मूल्याङ्कन गर्दा विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षणका लागि विभिन्न साधनको प्रयोग गर्नपर्छ । यसरी विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल नगरेको पाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान र पुनः मूल्याङ्कन गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरेर थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ । पटक पटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण र प्रयोग गर्नुपर्छ । मूल्याङ्कनको कुल भारको २५ प्रतिशत आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत बाह्य परीक्षाबाट मूल्याङ्कन गरिने छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

विद्यार्थीको सिकाइस्तरको नियमित आन्तरिक मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्छ । यसका लागि प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनमा समावेश गरिने छ :

| क्र.स. | मूल्याङ्कनका आधार | मूल्याङ्कनका आधारको विस्तृतीकरण | जम्मा अङ्कभार प्रतिशत |
|---|---|---|---|
| १. | सहभागिता | उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता | ३ |
| २. | परियोजना कार्य/ प्रयोगात्मक कार्य | परियोजना कार्य सम्पादन, सहकार्य, जिम्मेवारी वहन, सक्रियता, सिर्जनशीलता, समय पालना, अभिलेखीकरण, प्रदर्शन तथा प्रस्तुतीकरण | १६ |
| ३. | त्रैमासिक परीक्षा | आवधिक परीक्षाको प्राप्ताङ्कका आधारमा निर्धारण गरिने | ६ |
| **जम्मा** | | | **२५** |

**(ख) बाहृय मूल्याङ्कन**

बाहृय मूल्याङ्कनको भार ७५ प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै विषयवस्तु समेटिएको हुनुपर्ने छ । यस विषयको बाहृय मूल्याङ्कन वा अन्तिम परीक्षाका लागि प्रयोग हुने प्रश्न पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाबमोजिम ज्ञान, बोध, प्रयोग र उच्चदक्षता तहका हुनुपर्ने छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति, मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य हासिल गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइस्तरको प्रमाणीकरण गर्नुपर्ने छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा मूल्याङ्कनका साधनको उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी प्रयोग गर्नुपर्ने छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर